❑ कृष्ण अधिकारी

# नेपालमा फिचर सेवाको अभ्यास

## परिचय

कुनै विषय या तथ्यलाई तुलनात्मक रूपले विश्लेषण गरी नरम कथावस्तु समेटिएको लेखलाई नेपाल प्रेस इन्स्टिच्यूट (एनपीआइ)को पाठ्यक्रमले फिचर मानेको छ।[१] खोज पत्रकारिता केन्द्रका सम्पादक मोहन मैनाली भन्नुहुन्छः "ताजा समाचारबाहेकको, तथ्यलाई चाखलाग्दो पाराले प्रस्तुत गरिएको विश्लेषणात्मक लेख नै फिचर हो"। "एउटा लेख फिचर हुन विवरण र तथ्य प्रशस्त हुनुपर्छ; भाषा सरल र शिष्ट हुनुपर्छ; र त्यो पत्रकारिताका दृष्टिकोणले पूर्ण हुनुपर्छ" भन्नुहुन्छ पत्रकार हस्त गुरुङ। "नेपाली छापामा फिचरका नाममा जे जति सामग्रीहरू छापिएका छन् तीमध्ये धेरैजसो पत्रकारिताका हिसाबले फिचर भन्न मिल्ने छैनन्," गुरुङ थप्नुहुन्छ।[२]

'नरम कथावस्तु' वा 'चाखलाग्दो पारा' जस्ता सापेक्षिक वा विशेषणात्मक पदावली राखेर परिभाषित गरिए पनि फिचर यही नै हो र फिचरको स्वरूप यस्तै हो भन्ने ठोस परिभाषामा बाँध्न कठिन छ (पन्त सन् २००२ः १३१)।[३] फिचर के हो भन्नुभन्दा पनि फिचर के होइन भन्न सजिलो छः फिचर कोरा समाचार होइन र विचार पनि। सामान्य अर्थमा फिचरलाई समाचार र विचारभन्दा फरक किसिमको आलेख हो भन्न सकिन्छ। अर्थात् कोरा समाचार र विचारका बीचमा पर्ने तथ्य परक लेख नै फिचर हो। फिचरले सन्देश पनि दिन्छ भने समाचारले सूचनामात्र दिन्छ।

नेपाली मिडियामा दुई किसिमले फिचरको उत्पादन हुने गरेको पाइन्छ। पहिलो त विभिन्न प्रकाशन गृहमा कार्यरत सञ्चारकर्मीहरूले सम्बद्ध संस्थाका लागि तयार गर्ने फिचर हो भने अर्को विभिन्न गैर/सरकारी सङ्घ-संस्थाहरूले

---

[१] नेपाल प्रेस इन्स्टिच्यूटले आफ्ना विद्यार्थीलाई बाँडेको हाते सामग्रीबाट।

[२] मोहन मैनाली र हस्त गुरुङसँगको कुराकानीमा आधारित।

[३] अस्मिता महिला प्रकाशन गृहले सञ्चालन गरेको तालिममा वितरित हाते सामग्रीलाई उद्धृत गर्दै सरोज पन्तले फिचर लेख्दा ध्यान दिनुपर्ने १२ बुँदाहरू उल्लेख गर्नु भएको छ (सन् २००२ः १३०-१३९)। फिचरबारे लेखिएका छोटा लेखका लागि बस्याल (२०५८) र बस्नेत (२०५९) हेर्नुहोस्।

उत्पादन गर्ने फिचरहरू ।[४] प्रकाशन गृहहरूले तयार गर्ने फिचरहरू आफ्नै प्रकाशनहरूमा छापिन्छन्, प्रसारण गरिन्छन् । अन्य निकायले तयार गर्ने फिचरहरू विभिन्न प्रकाशन गृहहरूलाई सशुल्क वा निःशुल्क वितरण गरिन्छन् । राष्ट्रिय समाचार समिति (रासस) र नेपाल राजकीय विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान (रोनास्ट) फिचर उत्पादन र वितरण गरिरहेका सरकारी निकायहरू हुन् । त्यस्तै, सञ्चारिका समूह, नेपाल वातावरण पत्रकार समूह (नेफेज), एनपीआइ, सामाजिक विकास तथा अनुसन्धान केन्द्र (सीएसआरडी), नारी चेतना केन्द्र, महिला पुनर्स्थापना केन्द्र (ओरेक), मानवअधिकार सञ्चार प्रतिष्ठान (इरिकोन), शिक्षा पत्रकार समूह, जागरण मिडिया सेन्टर, आदि गैरसरकारी संस्थाहरूले पनि फिचर उत्पादन र वितरण गरेका वा गर्दैरहेका छन् ।

प्रकाशन गृहहरूले वा सञ्चार सेवा प्रदायक संस्था (जस्तै रासस)ले फिचर उत्पादन गर्नु नौलो होइन । तर त्यसबाहेक पनि अन्य विभिन्न किसिमका संस्थाहरूले आ-आफ्ना कार्यक्षेत्र र रुचिअनुसार फिचर सेवा पुऱ्याइरहेको देखिन्छ, अनियमित नै भए पनि । यी संस्थाहरूले तयार गर्ने लेख/फिचरहरूलाई 'लेखमाला', 'समाचार सन्देश' वा 'लेख सँगालो' को नाममा पस्किरहेका छन् । यस्ता लेखमालाको प्रत्येक अङ्कमा केही लेख/फिचरहरू र केहीमा पुस्तक समीक्षा जस्ता अन्य सामग्री पनि उपलब्ध गराइएको हुन्छ ।

पत्रकारिताको भाषामा यी लेखमाला वा लेख सँगालोका लेख फिचरभित्र पर्न पनि सक्छन् र नपर्न पनि ।[५] तर पनि विभिन्न संस्था वा समूहहरूले फिचर सेवाको नाम दिएर/नदिएर लेखमाला प्रकाशन गरिरहेका छन् । यस्तो लेखमाला प्रकाशन गर्ने कार्य कतिपय संस्थाहरूले शुरु गरेर छाडे भने कतिपयले भर्खर शुरुआत गर्दैछन् । यो लेखमाला प्रकाशन गर्ने चलन कसरी शुरु भयो ? यी संस्थाहरूले केका लागि फिचर सेवा प्रकाशन गरिरहेका छन् ? उनीहरूले प्रकाशन गर्ने फिचर सेवाको उपादेयता कत्तिको छ ? अथवा यी फिचरहरू कसले र कहाँ प्रयोग गर्छन् ? संस्थाभित्र फिचर तयार गर्ने जनशक्ति पत्रकार हुन् वा अन्य पेशासँग सम्बन्धित विज्ञहरू ? यस्ता फिचर उत्पादनमा लगानी, वितरणको व्यवस्था के कस्तो छ ? आदि सवालहरूका जवाफ सहज उपलब्ध छैनन् । लेखमाला प्रकाशनको प्रचलन डेढ दशकभन्दा पुरानो भए पनि यसबारे खँदिलो अध्ययन गरिएको भेटिँदैन । माथि उल्लिखित सवालहरूको जवाफ खोज्ने क्रममा

---

[४] पत्रकारिता क्षेत्रमा बहुधा प्रचलनमा आउने अङ्ग्रेजी शब्द फिचरले नेपाली पर्याय पाएको छैन भन्दा अत्युक्ति हुँदैन । केहीले फिचरलाई नेपालीमा रूपक भने पनि त्यो सर्वस्वीकृत एवं प्रचलनमा छैन र फिचर नै प्रयोग गरिएको पाइन्छ यत्रतत्र । फिचर सेवा र लेखमाला एउटै होइन भन्न पनि सकिन्छ । तर यस लेखमा विभिन्न संस्थाहरूले तयार गरेर प्रकाशन गृहहरूलाई प्रकाशनार्थ वितरण गर्ने सामग्रीहरूलाई फिचर सेवाकै स्वरूप मानेर चर्चा परिचर्चा गरिएको छ ।

[५] लेखमालामा परेका सामग्रीहरूलाई पत्रकारिताको दृष्टिकोणबाट फिचर भन्न मिल्छ या मिल्दैन भन्ने विवादलाई यस लेखमा सम्बोधन गरिँदैन ।

यो लेख तयार गरिएको हो । यस लेखलाई फिचर सेवा सञ्चालनका प्रयास; फिचरको वर्तमान अवस्था; फिचरले समेटेका विषय; फिचरको वितरण र प्रयोग; लगानी, बजार र जनशक्ति; व्यवस्थापन; पाठक एवं प्रकाशन गृहसँगको सम्बन्ध; आदि परिच्छेदमा बाँडेर चर्चा गरिएको छ । अन्तमा निष्कर्ष प्रस्तुत छ ।

## फिचर सेवा सञ्चालनका लागि गरिएका प्रयासहरू

नेपालमा पत्रकारिताको शुरुआतसँगै फिचर लेखनको पनि शुरुआत भएको हो । गोरखापत्रको प्रकाशन सँगसँगै फिचर लेख्ने काम भए पनि ती सामग्रीलाई

**तालिका १:** फिचर सेवा सञ्चालन गर्ने संस्थाहरूको विवरण

| क.सं. | फिचर | संस्था | स्थापना सन् | संस्थापक | कार्यक्षेत्र | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | विज्ञान लेखमाला | रोनास्ट | १९८६ | गोकुल पोखरेल | विज्ञान प्रविधि | नियमित* |
| २ | समाचार सन्देश (आइपीएस/ पानोस) | नेपाल प्रेस इन्स्टिच्यूट | १९८७ | गोपालदास श्रेष्ठ | विविध | नियमित |
| ३ | फिचर सेवा | क्षेत्रीय सञ्चार स्रोत केन्द्र/एनपीआइ नेपालगञ्ज | १९९५ | तोया गौतम** | विविध | नियमित |
| ४ | फिचर सेवा | क्षेत्रीय सञ्चार स्रोत केन्द्र/एनपीआइ विराटनगर | १९९७ | तोया गौतम | विविध | नियमित |
| ५ | महिला/सञ्चारिका लेखमाला | सञ्चारिका समूह | १९९७ | अमृता बाँस्कोटा | महिला तथा बालबालिका | नियमित |
| ६ | जैविक विविधता | नेफेज | १९९८ | कृष्ण श्रेष्ठ | वातावरण | सन् २००० देखि बन्द |
| ७ | पर्यटन | नेफेज | १९९८ | दिपक गजुरेल | पर्यटन | ,, ,, |
| ८ | सरसफाइ लेखमाला | नेफेज | १९९८ | तीर्थ कोइराला | सरसफाइ | ,, ,, |
| ९ | चौतारी लेखनमाला | सीएसआरडी | १९९७ | प्रत्यूष वन्त | विविध | सन् १९९७ देखि बन्द |
| १० | रासस फिचर | रासस | १९९८ | रासस | विविध | नियमित |
| ११ | किरण लेखमाला | ओरेक | २००० | रेणु राजभण्डारी | महिला | सन् २००१ देखि बन्द |
| १२ | पोषण लेखमाला | इरिकोन | २००० | शोभा गौतम | स्वास्थ्य | सन् २००१ देखि बन्द |
| १३ | नारीचेतना लेखमाला | नारी चेतना केन्द्र | २००१ | प्रतिभा सुवेदी | महिला | नियमित |
| १४ | शिक्षा लेख सँगालो | शिक्षा पत्रकार समूह | २००२ | हरि थापा | शिक्षा | नियमित |
| १५ | जागरण लेखमाला | जागरण मिडिया सेन्टर | २००२ | सुभाषकुमार दर्नाल | दलित | नियमित |

*स्रोत: सम्बन्धित संस्थाका व्यक्तिहरू*

** सन् २००२ फेब्रुअरीदेखि केही महिना बन्द भएको थियो ।*

*** हाल एनपीआइको क्षेत्रीय सञ्चार स्रोत केन्द्र विराटनगरका संयोजक गौतम नेपालगञ्ज संयोजक हुँदा उहाँले फिचर सेवा शुरु गर्नुभएको हो ।*

फिचर भनिँदैनथ्यो । गोरखापत्र संस्थानका पूर्व महाप्रबन्धक भारतदत्त कोइराला "फिचर नै नभने पनि फिचरजस्तै लेखहरू प्रशस्तै छापिन्थे उबेला," भन्नुहुन्छ । फिचर लेखनको इतिहास, तसर्थ, लामो भन्न मिले पनि फिचर सेवाको रूपमा प्रकाशन र वितरण हुन थालेको सन् १९८६ बाट मात्रै हो ।[६] सरकारी संस्था रोनास्टले फिचरलाई सेवाको रूपमा प्रकाशन गर्ने प्रयास पहिलो पटक गरेको थियो र यस्तै प्रयास पछिल्ला दिनमा अन्य संस्थाहरूले शुरु गरे (हेर्नुहोस् तालिका १) । यो परिच्छेदमा फिचर प्रकाशन गर्ने विभिन्न संस्थाका प्रयासलाई संक्षिप्तमा चर्चा गरिन्छ ।

## *विज्ञान लेखमाला*

नेपाली मिडियामा खासगरी सन् १९८० को दशकसम्ममा विज्ञान, वैज्ञानिक खोज, स्वास्थ्य जस्ता विषयहरूले खासै स्थान पाउन सकेका थिएनन् । विज्ञान प्रविधि क्षेत्रमा ठूलै घटना भएका बेला विदेशी समाचार एजेन्सीहरूले तयार गर्ने सामग्री उल्था गरेर छाप्नुबाहेक नेपाली मिडियामा यो क्षेत्रका अन्य सामग्री विरलै छापिन्थे । सन् १९८६ मा नेपाल राजकीय विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान (रोनास्ट)को स्थापनापश्चात् विज्ञान तथा प्रविधि र स्वास्थ्यलाई कसरी जनमुखी बनाउने अथवा ती क्षेत्रका ज्ञानलाई कसरी सर्वसाधारणमा उनीहरूले बुझ्ने भाषामा पुऱ्याउने भन्नेबारे पटकपटक छलफल भएका थिए । यी छलफलहरूबाट एउटा छुट्टै विज्ञान सञ्चार आयोजनाको स्थापना गर्ने निष्कर्ष निकालियो । र, गोरखापत्रका सम्पादक-समेत रहिसक्नु भएका गोकुल पोखरेललाई उक्त आयोजनाको निर्देशक बनाइयो । रोनास्टका वैज्ञानिक दिनेश भुजू तथा अर्का पत्रकार प्रकाश खनाल कार्यक्रम अधिकृतका रूपमा टीममा सामेल हुनु भयो । विज्ञान तथा प्रविधिका क्षेत्रमा भएका राष्ट्रिय वा अन्तर्राष्ट्रिय उपलब्धि, गतिविधि र सामान्य लाग्ने तर बहुपयोगी ज्ञानका भण्डारलाई सर्वसाधारण समक्ष पुऱ्याउने चुनौती पूरा गर्न त्यस्ता गतिविधि, जानकारी वा ज्ञानलाई सरल भाषामा र स्थानीय उदाहरण-सहित सामग्री तयार गर्ने र सञ्चार माध्यममार्फत वितरण गर्ने सोचका साथ विज्ञान लेखमाला निकाल्ने निर्णय गरियो । यस कार्यका लागि क्यानडाको अन्तर्राष्ट्रिय विकास अनुसन्धान केन्द्रले सहयोग पनि जुटाइदियो ।

---

[६] सन् १९७० मा युनेस्कोको संयोजकत्वमा अन्तर्राष्ट्रिय महिला फिचर सेवा योजना शुरु भएको हो (बायरली १९९७) । महिला फिचर सेवाका विविध उदाहरणका लागि हेर्नुहोस् विमेन्स फिचर सर्भिस (सन् १९९२) ।

यति भैसकेपछि पनि लेखमालाका लागि आवश्यक सामग्रीहरू तयार गर्ने महत्वपूर्ण कार्य बाँकी थियो । सञ्चारकर्मीहरूमा विज्ञान प्रविधि क्षेत्रका बारे कम जानकारी थियो भने अर्कोतर्फ विज्ञान प्रविधितर्फ काम गर्नेहरूमा सञ्चार-कर्मीमा हुनुपर्ने आवश्यक सीपको कमी थियो । यी दुई समूहबीचको संवादले नै विज्ञान प्रविधिसम्बन्धी सही र तथ्यपूर्ण सामग्रीहरूले सञ्चार माध्यमहरूमा स्थान पाउन सक्थे । यसै तथ्यलाई हृदयङ्गम गरी आयोजनाले मिडियाकर्मीहरूसँग छलफल/अन्तरक्रिया गर्ने र उनीहरूलाई तालिमसमेत प्रदान गऱ्यो । तालिममा सहभागी पत्रकारहरू र आयोजनाकै व्यक्तिहरू पनि अब फिचरहरू लेख्न थाले । यस्तो सहकार्यले विज्ञानसम्बन्धी लेख वा फिचर उक्त आयोजनामा सङ्कलन हुन थाल्यो । सङ्कलित रचनालाई विज्ञान लेखमालामा पाक्षिक रूपमा प्रकाशित गर्ने व्यवस्था सन् १९८६ मा मिलाइयो । लेखमालामा स्थान पाएका लेख रचनाले पारिश्रमिक पनि पाउने हुनाले रचनाहरू पनि उपलब्ध हुन थाले ।[७]

विज्ञान लेखमालामा विज्ञान, प्रविधि, स्वास्थ्य, वातावरण क्षेत्रसँग सम्बन्धित सामग्रीहरूलाई स्थान दिइन्थ्यो । लेखमालामा सङ्कलित रचनाहरू एकनासका हुँदैनथे । कुनै फिचरको स्वरूपका थिए भने कुनै रोचक जानकारी मात्र थिए । सामान्यतः एउटा लेखमालामा ३-४ वटा लेख/फिचर र केही अन्य छोटा सूचना वा जानकारीमूलक सामग्री रहेको पाइन्छ । यसरी तयार गरिएको लेखमाला नेपालभित्रका प्रायः सबै स्थानका सबै पत्रिकाहरूमा हुलाकमार्फत पठाउन थालियो । पत्रिकाहरूले लेखमालामा प्रकाशित सामग्रीहरू निःशुल्क उपयोग गर्न पाउँथे । नौलो विषय, नौला लेख तथा निःशुल्क भएकाले होला विज्ञान लेखमालाका रचनाले पत्रिकाहरूमा राम्रै ठाउँ पाउन सफल भए (रोनास्ट सन् १९९६) ।

तर लेखमाला प्रकाशनको डेढ दशकको अवधिमा सबै दिनहरू उस्तै रहेनन् । शुरुको टाइपराइटर र लिथो गरेर तयार गरिने सामग्रीलाई कम्प्युटर र फोटोकपीको मद्दतले अलि सहज तुल्याए पनि गतिला सामग्रीको अभाव भने खट्की नै रह्यो । विदेशी सहयोग हुँदासम्म लेखकहरूलाई पारिश्रमिक दिन र प्रकाशन खर्च बेहोर्न सकिएको थियो तर जब सहयोग आउन छाड्यो, समस्या पनि बढ्दै गयो । विभिन्न व्यक्तिहरूलाई रचना लेखिदिन अनुरोध गर्ने, नयाँ नयाँ लेखकहरूको खोजी गर्ने, प्रोत्साहन गर्ने, उनीहरूका लेख सम्पादन गर्ने तथा सामग्रीहरूको संयोजन गर्ने कार्य गर्दै आउनुभएका भुजू भन्नुहुन्छः "लेखमालाका लागि आवश्यक सामग्रीहरू निरन्तर जुटाउनु कठिन कार्य हो ।" क्यानडाली संस्थाको पटकपटकको तथा युनिसेफको गरी करिब दश वर्ष लेखमाला प्रकाशनका लागि सहयोग प्राप्त भएको थियो । विदेशी

---

[७] गोकुल पोखरेल र दिनेश भुजूसँगको कुराकानीमा आधारित ।

सहयोग नभएका बखत पहिले शिक्षा मन्त्रालय र पछि विज्ञान तथा प्रविधि मन्त्रालयले यसको खर्च बेहोरेको थियो ।

पाक्षिक प्रकाशित हुँदै आएको यो लेखमाला सन् २००२ फेब्रुअरीदेखि मासिक रूपमा चल्ने भनिए पनि त्यही समयदेखि केही महिना बन्द रह्यो । सुरक्षा खर्च वृद्धि गर्नु परेको निहुँमा सरकारले विभिन्न क्षेत्रको बजेट काटचो र रोनास्टले पाइआएको बजेटमा आधाभन्दा बढी कटौती भयो । फलतः रोनास्टले लेखमाला केही महिना निकाल्न सकेन । "बजेटकै अभावमा लेखमाला बन्द गर्नु परेको हो" भन्नुहुन्छ, दिनेश भुजू ।

### *समाचार सन्देश*

मिडिया क्षेत्रमा कार्यरत गैरसरकारी संस्था एनपीआइले इटलीस्थित अन्तर्राष्ट्रिय मिडिया संस्था इन्टर प्रेस सर्भिस (आइपीएस)को सहयोगमा आइपीएस फिचर सर्भिसलाई नेपालीमा भाषानुवाद गरी सन् १९८७ देखि प्रकाशित गर्दै आएको छ । समाचार सन्देश नाम दिइएको यो फिचर सेवा मासिक प्रकाशन गरिन्छ । आइपीएसका बाहेक अन्य फिचरहरूलाई खासै स्थान नदिइने हुनाले नेपाल-सम्बन्धी फिचरहरू यसमा निकै कम छापिन्छन् ।

आइपीएसका फिचरलाई भारतलगायतका देशमा विभिन्न भाषामा अनुवाद गरेर वितरण गरिँदै आएको थियो । यस्ता फिचरले स्थानीय मिडियामा एक, अन्तराष्ट्रका सामग्रीको अभाव पूर्ति गर्ने र अर्को, यी फिचर स्तरीय हुनाले तिनबाट नेपाली सञ्चारकर्मीले पनि ज्ञान/सीप हासिल गर्न सक्ने ठानी आइपी-एसका फिचर नेपालीमा पनि अनुवाद गरेर वितरण गर्ने प्रयास गरिएको हो । यसका लागि उक्त संस्थाले फिचर सामग्री सित्तैमा उपलब्ध गराउने मात्र नभई अनुवाद, छपाइ र वितरणमा समेत सहयोग गर्दै आएको छ ।[८] एनपीआइका ध्रुवहरि अधिकारी भन्नुहुन्छ, "आइपीएसका थुप्रै फिचरहरूमध्ये नेपाली परिवेशसँग मिल्ने र छिमेकी मुलुकहरूसँग सम्बन्धित केही फिचरलाई चयन गरी अनुवाद गरिन्छ ।"

सन् १९९१ देखि आइपीएसको फिचरबाहेक एनपीआइको समाचार सन्देशमा लण्डनस्थित अर्को मिडिया एजेन्सी पानोसका फिचरहरूले पनि स्थान पाउन थालेका थिए । एनपीआइले पानोससँग पनि आइपीएससँग जस्तै सम्झौता गरेको थियो । पानोसका फिचरहरू पनि निःशुल्क उपलब्ध हुन्थे र अनुवादलगायतका खर्च पनि पानोसले नै बेहोर्थ्यो । तर सन् २००० देखि पानोसका फिचरहरू

---

[८] भारतदत्त कोइराला र कुन्द दीक्षितसँगको कुराकानीमा आधारित ।

छापिन छाडेका छन्, समाचार सन्देशमा । पानोसले छापामा भन्दा रेडियोमा काम गर्ने उत्साह देखाएको र सम्झौता समाप्त भएकाले यो स्थिति आएको हो ।

एनपीआइको संयोजनमा छपाइ र वितरण गरिँदै आएको समाचार सन्देशको वितरण प्रक्रिया विज्ञान लेखमालाको भन्दा तात्विक फरक छैन । समाचार सन्देश देशभरका विभिन्न मिडियालाई निःशुल्क हुलाकमार्फत पठाइने र ती मिडियाले आवश्यकताअनुरूप समाचार सन्देशका फिचरहरू छाप्ने गरेका छन् । विशेषगरी साप्ताहिक र काठमाडौंबाहिरका सबैखाले पत्रिकामा यी फिचरले स्थान पाएको बताइन्छ । समाचार सन्देश नेपालबाहेक भारतका सिक्किम, दार्जिलिङ, आसामलगायतका क्षेत्रमा समेत पठाइने गरेको छ । अधिकारीका अनुसार नेपालबाहिर पनि यी फिचरहरू लोकप्रिय छन् ।

### *फिचर सेवा*

एनपीआइका नेपालगञ्ज र विराटनगर क्षेत्रीय सञ्चार स्रोत केन्द्र (आरएम-आरसी)ले छुट्टाछुट्टै फिचर सेवा प्रदान गर्दै आएका छन् । नेपालगञ्ज स्रोत केन्द्रले सन् १९९५ र विराटनगर स्रोत केन्द्रले सन् १९९७ देखि 'फिचर सेवा' नाममा द्वैमासिक फिचर सेवा शुरु गरेको हो । मूलतः स्थानीय पत्रकार र पत्र-कारिताको स्तर उकास्ने उद्देश्यले क्षेत्रीय फिचर सेवा शुरु गरिएको बता-इन्छ । स्थानीय मुद्दा-हरूलाई लिएर स्थानीय पत्रकारहरूलाई फिचर लेख्न आह्वान गर्ने र उपलब्ध फिचरहरूमध्येबाट चयन गरी आवश्यकताअनुरूप परिमार्जन र सम्पादनपश्चात् फिचर सेवामा समावेश गराउँदै आइएको छ । आरएमआरसी विराटनगरले शुरुका दुई वर्ष सन् १९९९ सम्म उक्त केन्द्रबाट तालिम लिएका महिला लेखकलाई प्रोत्साहन गर्न फिचर लेख्न लगाएको थियो । तर यो कार्यले महिला लेखकको अभावमा निरन्तरता पाउन सकेन । फलस्वरूप सन् २००० देखि पुरुष लेखकलाई पनि समावेश गर्ने तर महिला-लिखित फिचरलाई प्राथमिकता दिइने गरेको संयोजक तोया गौतम बताउनुहुन्छ ।

फिचर सेवाको प्रत्येक अङ्कमा ४-५ वटा फिचरले स्थान पाउने र यसरी स्थान पाएका फिचरलाई रु. ५०० देखि रु. २,००० सम्म पारिश्रमिकसमेत दिइने गरेको सम्बद्ध व्यक्तिहरू बताउँछन् ।[९] फिचर लेख्दा अतिरिक्त आय पनि हुनाले स्थानीय पत्रकारहरू आफ्नो फिचरले स्थान पाओस् भनेर मेहनत पनि गर्छन् । अन्तर्राष्ट्रिय संस्था डानिडाले यस कार्यका लागि आर्थिक सहयोग

---

[९] तोया गौतम र पीताम्बर कट्टेलसँगको कुराकानीमा आधारित ।

उपलब्ध गराउँदै आएको छ । त्यसबाहेक, एमएस नेपालले वातावरण, महिला, कमैया, दलितसम्बन्धी विभिन्न विषयमा फिचर लेख्नको लागि केही आर्थिक सहयोग जुटाइदिने गरेको छ, नेपालगञ्जमा । क्षेत्रीयस्तरका यी फिचर सेवाले पनि आफ्ना प्रकाशनलाई ती क्षेत्रका मिडियालाई निःशुल्क उपलब्ध गराउँछन् । बाहिरका वा अन्य क्षेत्रका फिचरले भन्दा स्थानीय फिचरहरूले बढी स्थान पाउने गरेको बताइन्छ । त्यसबाहेक, "यी फिचरहरू पत्रकारिताको हिसाबले पनि राम्रै भन्न मिल्छ" भन्नुहुन्छ हस्त गुरुङ ।

### *महिला/सञ्चारिका लेखमाला*

२०४६ को जनआन्दोलनपछि मुखर भएर आएको सामाजिक आन्दोलनको कुरा गर्दा महिला आन्दोलनको चर्चा अगिल्लो पंक्तिमै आउँछ । महिला हकहितका लागि कार्यरत संस्थाहरू मनग्ये खुलेका छन् । यद्यपि, शदीयौंदेखि चलिआएका थुप्रै महिला उन्नति-विरोधी संस्कार, रीति-थितिहरू एकै झमटमा परिवर्तन हुन सक्दैनन् । यस्तो परिवर्तनका लागि आमसञ्चारमाध्यम निकै उपयोगी हुन्छन् । तर सञ्चारमाध्यमहरूमा कार्यरत (अधिकांश पुरुष)हरू महिला मुद्दाहरूमा संवेदनशील नहुँदा यो कार्य निकै कठिन हुने महसुस गरी महिला हकहितमा कार्यरत केही संस्थाहरूले दुईवटा रणनीति अपनाएका छन्: एक, सञ्चारमाध्यममा कार्यरत पुरुषहरूलाई महिलाका मुद्दाहरू प्रति संवेदनशील बनाउने र दुई, महिलासम्बन्धी विषयहरूलाई सञ्चार-माध्यममा अधिकाधिक पुऱ्याउने ।

सञ्चारकर्मी महिलाहरूको सक्रियतामा सन् १९९६ मा खोलिएको संस्था सञ्चारिका समूहले दोश्रो रणनीति अपनाएको छ । समूहले सन् १९९७ देखि लैङ्गिक समानतालाई सञ्चारको मूल प्रवाहमा ल्याउन महिला र बालबालिकाको अवस्था, उनीहरूप्रतिको सामाजिक दृष्टिकोण, उनीहरूले भोग्दै आएका पीडाहरू र सफलताका कथाहरू आदि विषयमा फिचर तयार गरी प्रकाशन र वितरण गर्दै आएको छ । शुरुमा महिला लेखमाला र सन् २००२ फेब्रुअरीदेखि सञ्चारिका लेखमालाका नाममा प्रकाशित भैरहेको फिचर सेवाको शुरुआतबारे स्थापनामा संलग्न सञ्चारकर्मी शोभा गौतम भन्नुहुन्छः "महिलासम्बन्धी विषयहरू सञ्चारमाध्यममा नआउने वा कम आउने

र आएकामा पनि संवेदनशीलताको अभाव हुनाले ती विषयहरू मिडियाको मूल प्रवाहमा ल्याउन फिचर सेवा उपयुक्त हुनसक्छन् भन्ने लागेर लेखमाला शुरु गरिएको हो ।"[१०]

शुरुका छ महिना अन्तर्राष्ट्रिय संस्था एसएनभीको सहयोग पाएको सञ्चारिकाले त्यसपछि, सन् १९९९ सम्म, अर्को विदेशी संस्था डानिडाको सहयोगमा लेखमाला प्रकाशन गऱ्यो । पछिल्ला दिनहरूमा लेखमाला प्रकाशनका लागि नै भनेर सहयोग नपाए पनि समूहले लेखमाला भने प्रकाशित गर्दै आएको छ । मासिक प्रकाशित हुने यो लेखमालामा प्रायः ४-५ वटा फिचरहरू राखिन्छन् ।[११] सञ्चारकर्मीहरूले नै सञ्चालन गरेकाले फिचरको दुःख परेको छैन समूहलाई । लेखमालामा परेका फिचरहरूले पारिश्रमिक पनि पाउने गरेका छन् । काठमाडौंका नियमित पत्रिकाहरूमा र काठमाडौंबाहिरका हकमा सम्पर्कका पत्रपत्रिकाहरूमा यी लेखमाला हुलाकमार्फत निःशुल्क वितरण गरिन्छ ।[१२]

## ***चौतारी लेखनमाला***

नेपालमा बहस, संवादको संस्कृतिलाई अगाडि बढाउन लागि परेको संस्था हो, सामाजिक विकास तथा अनुसन्धान केन्द्र/मार्टिन चौतारी । यसले राजनीति, शिक्षा, स्वास्थ्य, पयर्टन, साहित्य, अर्थ लगायत समाजका विभिन्न सवालहरूमा बहस चलाउँदै आएको छ । यसै परिप्रेक्ष्यमा अङ्ग्रेजी भाषामा लेखिएका/छापिएका विभिन्न लेख, निबन्ध वा पुस्तक समीक्षा आदिलाई नेपालीमा अनुवाद गर्ने र सो नेपाली प्रेसलाई उपलब्ध गराउने गरेको थियो यो संस्थाले, चौतारी लेखनमालामार्फत । यसो गर्नुमा ज्ञानको प्रजातन्त्रीकरण गर्ने लक्ष्य थियो । नेपाली भाषाका छापा मात्र पढ्नेहरू अङ्ग्रेजीमा लेखिएका कतिपय गतिला सामग्री पढ्ने अवसरबाट वञ्चित थिए । चौतारी लेखनमालाले अङ्ग्रेजीका ती सामग्रीलाई नेपालीमा अनुवाद गरेर त्यो अवसर उपलब्ध गराएको थियो ।[१३] सन् १९९७ मा शुरु गरिएको यो लेखन-माला प्रकाशनको संयोजन प्रत्यूष वन्तले गर्नु भएको थियो । एक्सन एडको

---

[१०] ११ अप्रिल २००२ मा मार्टिन चौतारीमा आयोजित 'नेपालमा फिचर सेवाको अभ्यास' विषयक छलफलमा व्यक्त विचार ।

[११] शुरुको तीन वर्षका महिला लेखमालाका फिचरहरूमध्ये केही *छापामा महिला* (वन्त, गौतम र बाँस्कोटा २०५६) मा परेका छन् ।

[१२] शोभा गौतम, वन्दना राणा, भारतदत्त कोइराला र निर्मला शर्मासँगको कुराकानीमा आधारित ।

[१३] प्रत्यूष वन्तसँगको वार्तामा आधारित ।

सहयोगमा प्रकाशित सो त्रैमासिक लेखनमाला एक वर्ष मात्र चल्यो । लेखनमाला प्रकाशनमा प्रायः सबै काम स्वयंसेवा भएको र अनुवादकलाई मात्र पारिश्रमिक दिने गरेको वन्त बताउनुहुन्छ ।

### *जैविक विविधता, सरसफाइ र पर्यटन लेखमाला*

वातावरणका क्षेत्रमा सक्रिय पत्रकारहरूको संस्था नेफेजले स्थापनाकालदेखि नै वातावरण संरक्षणहेतु विभिन्न कार्यहरू गर्दै आएको छ । वातावरणीय मुद्दाहरूलाई प्रभावकारी रूपमा मिडियामा ल्याउने प्रयासका क्रममा यसले फिचर लेखनलाई प्रवर्धन गर्न 'फेलोसिप' शुरु गरेको थियो । विशेषगरी नवीकरणीय उर्जाका विषयमा फिचर लेख्नका लागि सो फेलोशिप प्रदान गरिन्थ्यो । यसरी तयार गरिएका फिचर कुनै निश्चित पत्रिकामा मात्र प्रकाशित गरिन्थ्यो न कि सबै पत्रिकामा । तर यो कार्यक्रम दाताको सहायता आउन छाडेपछि बन्द भयो ।

नेफेजले नै सन् १९९८ पछि वातावरणीय सवालहरूलाई समेट्ने गरी जैविक विविधता लेखमालाको प्रकाशन शुरु गरेको थियो ।[१४] सोही वर्ष नेफेजले अरू दुईः सरसफाइ लेखमाला र पर्यटन लेखमाला पनि शुरु गऱ्यो । नेफेजमा वातावरणका पनि विभिन्न क्षेत्रहरूको निगरानी गर्ने समूहहरू गठन गरिएको छ । तिनै समूहमध्ये वातावरण निगरानी समूहले जैविक विविधता लेखमाला निकाल्थ्यो भने पर्यटन र सरसफाइ निगरानी समूहको संयोजकत्वमा क्रमशः पर्यटन र सरसफाइ लेखमाला प्रकाशन गरिन्थ्यो । जैविक विविधता लेखमालामा वन्यजन्तु तथा वनस्पति सम्वन्धित विभिन्न मुद्दाहरूमा फिचरहरू तयार गरिन्थ्यो । शुरुमा द्वैमासिक र केही समयपछि मासिक भएको यो लेखमाला करिब दुई वर्ष चलेर बन्द भयो ।

---

[१४] अङ्क १ देखि १० सम्ममा प्रकाशित लेखहरू *जैविक विविधता* शीर्षकको पुस्तकमा सङ्कलित छन् (श्रेष्ठ मिति उल्लेख नभएको) ।

त्यस्तै, पर्यटन र सरसफाइ लेखमालामा सम्बन्धित विषयबारेका फिचरहरूको प्रकाशन गरिन्थ्यो । यी दुई लेखमाला पनि सन् २००० देखि नै बन्द छन् ।

नेफेजका यी लेखमाला प्रकाशनका लागि भिन्नै संस्थाहरूले सहयोग गरेका थिए । जैविक विविधताको लागि विश्व वन्यजन्तु कोष, पर्यटनको लागि नेपाल पर्यटन बोर्ड र सरसफाइको लागि युनिसेफले आर्थिक सहयोग र अन्य लेखन सामग्री उपलब्ध गराएका थिए । नेफेजका लेखमाला विशेषतः काठमाडौंका पत्रपत्रिकाहरूमा बाँडिन्थ्यो । त्यसबाहेक, माग भएका र सम्पर्क भएका काठमाडौंबाहिरका पत्रिकाहरूमा पनि लेखमालाहरू उपलब्ध गराइन्थ्यो ।[१५]

## *रासस फिचर सेवा*

सरकारी स्वामित्वको मिडिया एजेन्सी राससले स्थापनाकालदेखि नै समाचार सङ्कलन र वितरण गर्दै आइरहेको हो । विशेषगरी औपचारिक सभा समारोहहरूका समाचारले नै राससका बुलेटिनमा प्राथमिकता पाउँथे । सरकारी भएकाले सरकारका प्रतिनिधिहरूको सहभागिताका समाचारको आधिक्य रहँदै आएको देखिन्छ, रासस बुलेटिनमा । राससले दैनिक रूपमा आफ्ना सामग्री प्रेषित गरिरहेको हुन्छ । रासस सेवाको विभिन्न सञ्चारमाध्यमहरू ग्राहक बन्ने र ग्राहकले उक्त सामग्रीहरू प्रकाशन गर्न पाउने व्यवस्था छ । राससमात्र होइन, अन्य अन्तर्राष्ट्रिय सञ्चार एजेन्सीहरूको पनि प्रक्रिया उस्तै हो ।

राससले पहिले प्रायः समाचारमात्र प्रवाहित गर्दै आएकोमा सन् १९९८ देखि भने फिचरलाई पनि स्थान दिन थालेको छ । यद्यपि, यसअघि पनि फिचरहरू नलेखिएका भने होइनन् । ती अनियमित थिए र अवसरविशेषमा छापिन्थे । उदाहरणका लागि वातावरण दिवस, सार्क सम्मेलन या ठूला गोष्ठीहरूमा राससबाट फिचर तयार गरिन्थे । सन् १९९८ पछि नियमित रूपमा विभिन्न विषयमा फिचर तयार गरी हप्ताको दुई दिन–मङ्गलबार र शनिबार–नियमित प्रेषित गर्दै आएको राससका यी फिचरहरू छुट्टै प्रकाशित गरिँदैनन् । बुलेटिनकै अङ्गका रूपमा बाँडिन्छन् । राससको सेवा देशभरका प्रायः मिडिया संस्थाहरूले लिएको हुनाले ती सबै संस्थाहरूमा यसका फिचर उपलब्ध हुन्छन् । राससमा नियमित फिचर सेवा शुरुआत गर्ने श्रीरामसिंह बस्नेत अन्य फिचर

---

[१५] यो लेख तयार भइसकेपछि अर्थात् सन् २००३ फेब्रुअरीदेखि नेफेजले सामुदायिक वन लेखमाला प्रकाशित गर्न शुरु गरेको छ । कृष्णमुरारी भण्डारीद्वारा सम्पादित यस मासिक लेखमालालाई स्वीस वन परियोजनाले आर्थिक सहयोग जुटाइदिएको छ । यसका संयोजक बद्री पौडचाल हुनुहुन्छ ।

सेवा जस्तो राससलाई कतैबाट आर्थिक सहयोग छैन भन्नुहुन्छ । "राससका सञ्चारकर्मीहरूको जमर्कोमा यो सञ्चालन भएको हो," बस्नेत थप्नुहुन्छ ।

### *किरण लेखमाला*

विशेषगरी महिला तथा बालबालिकाका समस्या, चेलीबेटी बेच-बिखन, महिलामाथि हुने हिंसा आदि क्षेत्रमा कार्यरत छ, महिला पुनर्स्थापना केन्द्र (ओरेक) । मिडिया क्षेत्रसँग सीधै सम्बन्धित नभएको यो संस्थाले किरण लेखमाला प्रकाशन गरेको थियो । संस्थाकी रेणु राज-भण्डारीका अनुसार महिलासम्बन्धी लेख, फिचरहरू आउने क्रम बढे पनि चेलीबेटी बेच-बिखन वा महिला हिंसाका विषयका सामग्रीमा कमी महसुस गरेकाले यो लेखमाला प्रकाशन गरिएको हो । यौन दुर्व्यवहार, बेच-बिखनबाट पीडितहरूलाई पुनर्स्थापना, आय आर्जनका कार्यहरू, सीप विकास तालिमहरू प्रदान गर्दै आएको यो संस्थाले निकाल्ने लेखमालामा उल्लिखित विषयसँग सम्बन्धित फिचरहरू नै प्रकाशन गरिँदै आएको थियो । द्वैमासिक रूपमा निस्केको यो लेखमाला २०५७ सालभरि निस्केर स्थगित भयो । लेखमालामा फिचर लेख्नेमा मुख्यतः संस्थाका व्यक्तिहरू र केही पत्रकारहरू रहेका थिए । यसको वितरणको प्रक्रिया पनि अन्य फिचर सेवाहरूकै जस्तै थियो । 'ट्रायल'मा चलाउँदा राम्रै 'रेस्पोन्स' आएकोले पुनः प्रकाशनको जमर्को गर्दै रहेको राज-भण्डारी बताउनुहुन्छ ।[१६]

### *स्वास्थ्य तथा पोषण लेखमाला*

मानवअधिकार सञ्चार प्रतिष्ठान (इरिकोन)ले मानवीय स्वास्थ्यसम्बन्धी विषयका बहसलाई अगाडि ल्याउन सन् २००० मा पोषण लेखमालाको शुरुआत गरेको थियो । दोस्रो अङ्कदेखि नै यो स्वास्थ्य तथा पोषण लेख-मालामा परिवर्तन भयो । पहिले सञ्चारिका समूहमा आबद्ध भई महिला लेखमाला निकाल्ने शोभा गौतमको सक्रियतामा स्वास्थ्य तथा पोषणका क्षेत्रमा फिचर तयार गरी प्रकाशन गर्न शुरु गरिए तापनि यो

---

[१६] यो लेखमालामा प्रकाशित लेखहरूको सङ्कलन *इन्द्रेणी* प्रकाशित छ (महिला पुनर्स्थापना केन्द्र मिति उल्लेख नभएको) ।

धेरै दिन टिकेन । मासिक रूपमा निकाल्ने प्रयत्न गरिएको यो लेखमालाले जम्मा-जम्मी तीन अङ्कपछि बिसाइ मार्‍यो । गौतमका अनुसार यो लेखमाला प्रकाशनमा कुनै दातृ समूहको सहयोग थिएन । सम्भवतः त्यसै कारणले चाँडै नै रोकियो पनि ।

### *नारी चेतना लेखमाला*

नारी चेतना केन्द्र मिडियासँग सीधै सम्बन्ध नराख्ने तर लेखमाला प्रकाशनमा लागेको अर्को संस्था हो । पिछडिएका र ग्रामीण महिलाहरूको आर्थिक र सामाजिक विकास गर्ने उद्देश्य बोकेको यो संस्थाले विभिन्न जिल्लाहरूमा कार्यक्रमहरू सञ्चालन गरिरहेको छ । सन् २००२ जनवरीदेखि यो संस्थाले नारी चेतना लेखमाला प्रकाशन र वितरण गर्दै आएको छ । लेखमालामार्फत विकासका क्षेत्रमा देखिएका चुनौती, महिलाहरूको अवस्था, भूमिका र योगदानलाई बाहिर ल्याउने उद्देश्य रहेको संस्थाकी प्रतिभा सुवेदी बताउनुहुन्छ । प्रायः संस्थासँगै सम्बन्धित व्यक्तिहरूले र संस्थाको कार्यक्षेत्रमा देखे-भोगेका चुनौती, समस्याहरूले यो लेखमालामा स्थान पाएका छन् । शुरुमा द्वैमासिक बनाउने सोच राखिए पनि पछिल्ला दिनहरूमा त्रैमासिक रूपमा यो प्रकाशन भैरहेको छ ।

### *शिक्षा लेख सँगालो*

पत्रकारितामा लागेकाहरू मध्येबाट पनि विभिन्न 'बीट'मा रिपोर्टिङ गर्नेहरूले विभिन्न समूह, संस्था गठन गर्ने गरेको देखिएको हो । त्यस्तै शिक्षा क्षेत्रलाई आफ्नो बीट बनाउने पत्रकारहरूको संस्था हो शिक्षा पत्रकार समूह । शिक्षा क्षेत्रका विभिन्न समस्या, चुनौती र अन्य पक्षहरूलाई बहसमा ल्याउने र स्तर उकास्ने ध्येयले यो समूहको गठन गरिएको हो । यो समूहले आफ्ना गतिविधिहरूमध्ये फिचर सेवालाई पनि एउटा मानेको छ । शिक्षालाई केन्द्रविन्दु बनाएर त्यसका विविध पक्षमा खोजमूलक फिचरहरू तयार गर्ने र तिनलाई मिडियामार्फत जनमानसमा पुर्‍याएर बहसको शुरुआत गर्ने उद्देश्यले उक्त समूहले सन् २००२ जनवरीदेखि शिक्षा लेख सँगालो प्रकाशन गर्दै आएको छ । पत्रकार हरि थापाको सम्पादनमा मासिक

प्रकाशन गरिने यो फिचर सेवामा अन्य फिचर जस्तै ४-५ वटा फिचर रहन्छन् र निःशुल्क वितरण गरिन्छ ।

### *जागरण लेखमाला*

जागरण मिडिया सेन्टर दलितसँग सम्बन्धित विभिन्न पक्षहरूलाई मिडियामार्फत उजिल्याउन, बहस तथा वकालत गर्न खोलिएको संस्था हो । यसले दलितका विषयलाई लिएर बहस, छलफललगायत अध्ययन, अनुसन्धान गर्दै आएको छ । दलितसँग सम्बन्धित विषयहरूले मिडियामा प्राथमिकता नपाएको (हेर्नुहोस् वन्त र पराजुली सन् २००१ मा परेका लेखहरू), महसुस गरी दलितका विषयलाई मिडियामा ल्याउने प्रयासको क्रममा सन् २००२ जुलाईदेखि जागरण मिडिया सेन्टरले जागरण लेखमालाको प्रकाशन शुरु गरेको छ । यो संस्थाको प्रकाशन तथा वितरणको स्वरूप पनि अन्यभन्दा तात्विक फरक छैन । द्वैमासिक यो फिचर सेवामा गैर-दलितहरू र विशेषगरी प्रतिष्ठितहरूलाई लेख्न प्रेरित गर्ने ध्येय राखिएको छ । दलितहरूले दलितकासम्बन्धमा लेखेका सामग्रीहरूले भन्दा गैर-दलित र अझ लब्ध-प्रतिष्ठितहरूले दलितका बारेमा लेख्दा प्रभावकारी हुने महसुस गरी यो रणनीति अपनाइएको हो भन्नुहुन्छ जागरण लेखमालाका संयोजक सुभाषकुमार दर्नाल । युएनडीपीको आर्थिक सहयोगमा यो कार्य प्रारम्भ गरिएको हो ।

### फिचरको वर्तमान अवस्था

सन् १९८६ मा रोनास्टको विज्ञान लेखमाला प्रकाशनसँगै शुरु भएको औपचारिक फिचर (वा लेखमाला) प्रकाशन कार्य सन् २००३ सम्म आइपुग्दा विभिन्न १२ संस्थाले १६ वटा फिचर प्रकाशन गरेको माथिको चर्चाबाट प्रष्टिन्छ ।[१७] तर पुराना बन्द हुने र नयाँ क्षेत्रमा नयाँ लेखमाला निस्कने क्रम जारी छ । शिक्षा लेख सँगालो, जागरण लेखमाला र सामुदायिक वन लेखमाला हालैमात्र प्रकाशनमा आएका हुन् । सबैभन्दा पुरानो र धेरै चलेको विज्ञान लेखमाला आवश्यक रकमको अभावमा सन् २००२ को शुरुआतसँगै केही महिना बन्द थियो भने अन्य बन्द हुनेहरूमा पनि प्रायःलाई 'बजेट'ले नै भूमिका खेलेको छ । बन्द भएका लेखमाला तीन महिनादेखि डेढ वर्षसम्म चलेका छन् । यस्ता

---

[१७] तालिका १ मा उल्लेख भएका १५ लेखमालामा २००३ मा नेफेजले शुरु गरेको सामुदायिक वनसम्बन्धी लेखमाला जोडेर जम्मा सङ्ख्या १६ पुऱ्याएको हो । सन् २००३ को अप्रिलमा नियमित प्रकाशित हुने लेखमालाहरूको सङ्ख्या ९ थियो ।

लेखमाला प्रकाशन प्रायः बाहिरी सहयोगमा निर्भर रहेकाले सहयोग हुँदासम्म चल्ने र सहयोग आउन छाडेपछि बन्द हुने गरेको देखिन्छ ।

लेखमाला वा फिचर सेवा चलाउनेहरूको उद्देश्यमा भिन्नताका कारण पनि फिचर सेवाले निरन्तरता नपाएको हो भन्न सकिन्छ । राम्रो फिचर तयार गर्छौं, अनि बेच्छौं भनेर फिचर सेवा शुरुआत गरिएको नभई फिचरलाई प्रचार वा वकालत गर्ने टुल (माध्यम)को रूपमा प्रयोग गर्नेहरूको सङ्ख्या धेरै छ । कुनै विषय, सवाल वा समस्याले सञ्चारमाध्यममा स्थान नपाएको वा आवश्यक बहस हुन नसकेको महसुस गरी त्यही कार्यका लागि अल्पकालीन रणनीति-अन्तर्गत फिचर वा लेखमाला प्रकाशन गर्ने प्रयास भएको छ । त्यसबाहेक मिडियामा सीधै सम्बन्ध नभएका नारी चेतना केन्द्र वा महिला पुनर्स्थापना केन्द्र जस्ता संस्थाहरूसमेत लेखमाला वा फिचर प्रकाशन कार्यमा लागेको देखिन्छ । यी संस्थाहरू सीधै सञ्चार क्षेत्रसँग सम्बन्धित नभएकाले मिडिया उनीहरूको दीर्घकालीन कार्यक्षेत्र होइन र यस अवस्थामा यिनले निकाल्ने फिचर सेवा धेरै लामो समय नटिक्न सक्छ ।

फिचर सेवा सञ्चालन गर्ने संस्थाहरूको प्रकृति एकै नभएकोले र भिन्न उद्देश्य लिएर फिचर सेवा प्रदान गरिरहेकाले उनीहरूका सामग्रीहरूको स्वरूप र आकारमा पृथकता पाइन्छ । उदाहरणका लागि रासस वा एनपीआइका प्रकाशनहरू पत्रकारिताको हिसाबले पनि फिचर नै हुन् भन्नु पर्छ, भलै तिनको गुणस्तरमा प्रश्न उठोस् । चौतारी लेखनमालाका सामग्रीहरू लेख, निबन्ध र पुस्तक समीक्षा हुन् । त्यस्तै, विज्ञान लेखमालामा रोचक जानकारी आदि पनि समेटिएको हुन्छ भने किरण वा नारी चेतना लेखमालामा लेखहरू पनि समावेश गरिएको हुन्छ । एनपीआइले नेपालगञ्ज र विराटनगरबाट प्रकाशित गर्ने फिचरको निश्चित ढाँचा बनाइदिएको छ जसमा '८०० शब्द भएको र भाषा-शैली सरल हुनु पर्ने' प्रावधान राखिएको छ । त्यस्तो प्रावधान अन्य संस्थामा पनि छ । लेखमालाहरूको प्रकाशन अवधि फरक-फरक भेटिन्छन्: कुनै दुई हप्ते छन् त कुनै दुई महिने वा तीन महिने । लेखमालाका एक अङ्कमा सामान्यतया तीनदेखि पाँचवटा लेख वा फिचर समावेश गरिएको पाइन्छ ।

प्रायः फिचरहरू नेपाली भाषामा नै प्रकाशित हुँदै आइरहेका छन् । रोनास्ट र सञ्चारिका समूहले नेपालीमा प्रकाशित भएका आफ्नै केही फिचरलाई अङ्ग्रेजीमा पनि प्रकाशित गरेका छन् ।[१८] त्यस्तै, राससका सामग्रीहरू अङ्ग्रेजीमा पनि प्रकाशित हुने हुँदा केही फिचर अङ्ग्रेजीमा पनि प्रकाशित भएका छन् । तर अङ्ग्रेजीबाट नेपालीमा अनुवाद गर्ने कार्य नेपालीबाट अङ्ग्रेजीमा भन्दा बढी छ । एनपीआइले प्रकाशन गर्ने समाचार सन्देश आइपीएसका फिचरको (पहिले

[१८] सञ्चारिका समूहले अङ्ग्रेजीमा प्रकाशित गरेका केही लेख वा फिचरहरू *मदर सिस्टर डटर* (सञ्चारिका समूह सन् २००२) मा परेका छन् ।

पानोसको पनि) अनुवाद मात्र हुन् । त्यस्तै चौतारी लेखनमाला पनि सम्पूर्णतः अङ्ग्रेजीबाट अनूदित नै थियो । महिला पुनर्स्थापना केन्द्र र नारी चेतना केन्द्रका फिचरहरू केही आफ्नै कार्यालयका व्यक्तिहरूले लेख्ने र आफ्ना उत्पादनले नपुगेमा विदेशी फिचर सेवा *जेमिनी, वाल स्ट्रीट जर्नल, टाइम, फेमिना, माया* आदिका सामग्री पनि अनुवाद गरी तयार हुने गर्छन् ।

## फिचरले समेटेका विषयहरू

हाल फिचर उत्पादनमा संलग्न भएका संस्थाहरूको नामैले पनि मोटामोटी रूपमा फिचर सेवाहरूले के विषय समेटेका छन् भन्ने अनुमान गर्न सकिन्छ । हो, सामान्यतयाः संस्थाको नामसँग मिल्ने विषयका फिचरहरूले नै प्रमुखता पाएका छन् । रोनास्टले विज्ञान प्रविधिसम्बन्धी, सञ्चारिका समूहले महिला-सम्बन्धी, शिक्षा पत्रकार समूहको शिक्षासम्बन्धी, नेफेजले वातावरणसम्बन्धी, महिला पुनर्स्थापना केन्द्र र नारी चेतना केन्द्रले महिलामाथि हुने विभेद र महिला सचेततासम्बन्धी विषयमा केन्द्रित रहेर फिचर प्रकाशित गरेका छन् । महिलासम्बन्धी काम गर्ने संस्थाहरूका फिचरहरूमा दुईथरी विषय पाइन्छः एक महिलामाथि हुने शोषण विभेदको विरोधमा र अर्कोमा सचेतता अभिवृद्धि गर्ने खालका विषयहरू । रासस र एनपीआइका फिचरले स्वभावतः विविध विषय अँगालेको पाइन्छ भने चौतारी लेखनमालामा पनि विषयको पावन्दी देखिँदैन । जागरण मिडियाले दलित विषयहरूलाई रोजेको देखिन्छ भने मानवअधिकार सञ्चार प्रतिष्ठानले स्वास्थ्य तथा पोषण लेखमाला प्रकाशन गरेको थियो ।

माथि उल्लेख गरेझैँ विज्ञान लेखामालामा विज्ञान तथा प्रविधि र स्वास्थ्य-सम्बन्धी विषयका फिचरहरू र अन्य सामग्री पाइन्छन् । दूध र दूधजन्य पदार्थ धेरैको दैनिक आहार भए पनि दूधका बारेमा थोरैले मात्र जानकारी राख्छन् । विज्ञान लेखमालामा प्रकाशित 'दूधमा जीवाणु सङ्क्रमण र रोकथामका उपायहरू' शीर्षकमा दूधको स्रोत, दूधमा पाइने जिवाणुहरू, दूधले के गर्छ, दूध खाँदा के कुरामा ध्यान दिनुपर्छ, कुन अवस्थामा दूध खाने नखाने आदि प्रश्नका सरल र रोचक पारामा जानकारी दिइएको छ (काफ्ले २०५८) । 'कस्तो छ ब्रह्माण्डको अर्को सौर्य मण्डल ?' शीर्षकको अर्को फिचरमा ब्रह्माण्डका बारेमा भएका खोजबिन र वैज्ञानिकहरूले अर्को पनि ब्रह्माण्ड छ भनेर पुष्टि गरेको जानकारी-लाई समेटिएको छ ।

महिला तथा बालबालिकासम्बन्धित विषयवस्तुलाई केन्द्रविन्दु बनाउँदै आएका तीन संस्थाका लेखमालामा स्थान पाएका फिचरका उदाहरण हुन्: नारी चेतना लेखमालामा छापिएको 'चिया व्यापारमा संलग्न बाल श्रमिक' (ढकाल २०५९), महिला लेखमालाको 'महिला साक्षरताले जीविकामात्र होइन सम्मान पनि प्रदान

गर्छ' (कापडी २०५६) तथा किरण लेखमालाको 'चेलीबेटी फर्काउनभन्दा पुनर्स्थापन गर्न कठिन' (एलन २०५७), आदि । यी संस्थाका फिचरले समेटेका विषयहरूलाई नियाल्दा महिला हकहित, महिलामाथि हुने अन्याय, विभेद, आदिबारे फिचर तयार गरिएका छन् । समस्याको सृजना, तिनको निदान, पीडितहरूलाई कसरी सहयोग पुऱ्याउने वा पुऱ्याउन सकिन्छ जस्ता सवालमा फिचर केन्द्रित पाइन्छन् ।

शिक्षा पत्रकार समूहले तयार गर्ने शिक्षा लेख सँगालोमा शैक्षिक क्षेत्रका विकृति, ढिलासुस्ती, आदि विषयलाई समेटेर फिचर तयार पारिएको छ । 'उच्च मावि शिक्षाः कस्को आवश्यकता?' (गौतम २०५८) र 'तीस वर्षपछि खुलेको आँखा' (घिमिरे २०५८) जस्ता फिचरमा शिक्षा क्षेत्रमा के कस्ता विकृति छन्, शैक्षिक क्षेत्रको उच्च तहमा बस्नेहरूको रवैया कस्तो छ, शिक्षालाई कसरी हेरिएको छ भन्ने कुरा खुलस्त पारिएको छ । समाचार सन्देशले विदेशमा भएका घटना वा विषयका बारेमा लेखिएका फिचरलाई अनुवाद गरी प्रकाशन गर्दछ । 'ताइवानको आर्थिक मन्दी, एसियाली आप्रवासी कामदारका शोषण' (समाचार सन्देश २०५८) मा एसियाली आप्रवासी कामदारले भाषा नजानेका, सोझा भएका कारणले धेरै शोषण सहनु परेको कुरालाई मन छुने पाराले लेखिएको छ । क्षेत्रीय सञ्चार स्रोत केन्द्र नेपालगञ्जले प्रकाशन गरेको फिचर 'पुर्ख्यौली पेशा छाड्न बाध्य धनकट्टा जाति' (वर्मा २०५६) मा नयाँ प्रविधिहरूको विकासले ढिकीजाँतो गरेर ज्यान पाल्ने धनकट्टा जाति कसरी सङ्कटमा परेका छन् भन्ने कुरामा प्रकाश पारिएको छ ।

नेफेजको अग्रसरतामा प्रकाशित तीन फिचरहरूमा तीन क्षेत्रका विषयहरूलाई समेटिएको छ । जैविक विविधता लेखमालामा परेको 'सामुदायिक वनको भविष्य सङ्कटमा' (काफ्ले २०५७) शीर्षकको फिचरमा सरकारले सामुदायिक वनसम्बन्धी नीतिमा गरेको परिवर्तनले संरक्षित वनमा पार्न सक्ने प्रभावको लेखाजोखा गरिएको छ । त्यस्तै, सरसफाइसम्बन्धी लेखमालाको फिचर 'चर्पी बनाउनुको साटो सुँगुर पाल्ने चलन' (सापकोटा २०५७) मा चर्पी नहुँदा र चर्पी बनाएर सुँगुर पाल्दाको अवस्थालाई केलाइएको छ । पर्यटन लेखमालाको फिचर 'के तातोपानीले पर्यटक लोभ्याउला' (पौडयाल २०५७) मा तातोपानीको पर्यटकीय सम्भावनाका बारेमा उल्लेख पाइन्छ ।

फिचर सेवाहरूले नेपाली प्रेसलाई विषयवस्तुको विविधता उपलब्ध गराएका छन् । सरकारी कामकारबाही वा राजनीतिक बहसजस्ता पारम्परिक र औपचारिक सामग्रीहरूको आधिक्य रहँदै आएको नेपाली छापामा फिचरको प्रयोगले मानवीय रुचिका थुप्रै विषयवस्तुहरूले स्थान पाएका छन् । जसले गर्दा नयाँ बहसको वातावरण सृजना भएको छ । यस्ता बहस र छलफलको वातावरणबाट पाठकहरूले पनि नयाँ स्वाद पाएका छन् ।

## फिचरको वितरण र प्रयोग

फिचर सेवा सञ्चालन गर्दै आएका संस्थाले उत्पादन गर्ने सामग्री प्रयोग गर्ने माध्यम सामान्यतः पत्रपत्रिका नै हुन् । आइपीएसका फिचरहरू नेपालबाहिर समेत वितरण र उपयोग भएको बताइए पनि अन्य फिचरहरूको उपयोग गर्ने नेपाल भित्रबाटै प्रकाशन हुने छापा हुन् । कुनै पनि लेखमालाहरू सशुल्क वितरण गरिँदैनन् ।[१९] राससबाहेक अन्य फिचर सेवा प्रदान गर्ने संस्थाहरूले आफ्नो सेवा हुलाकमार्फत विभिन्न मिडिया संस्थाहरूमा पठाउने गरेको पाइन्छ । यी संस्थाहरूले उत्पादन र वितरण गरेका लेखमालाहरूमा साभार/सौजन्य लेखेर मुद्रण गर्न अनुरोध गरिएको हुन्छ । कतिपय संस्थाका लेखमालाहरू देशका विभिन्न पत्रपत्रिकाहरूमा पुग्ने गरेको छ भने केहीका काठमाडौंका सीमित पत्रिकाहरूमा मात्र पुग्छन् । केही फिचर सेवाको त काठमाडौंबाहेकका क्षेत्रका धेरै प्रकाशन गृहहरूसँग सम्बन्ध पनि छैन । मोफसलका धेरै पत्रिकाहरूले ती फिचरहरू प्राप्त गर्दैनन् ।

विज्ञान लेखमाला नेपालका प्रायः ठाउँमा पुग्ने गरेको दिनेश भुजू बताउनु हुन्छ । त्यस्तै समाचार सन्देश "नेपालभित्र मात्रै नभएर भारतको सिक्किम, दार्जीलिङसमेत पुग्छ" भन्नुहुन्छ ध्रुवहरि अधिकारी । काठमाडौंबाहिरका मुख्य शहरहरू पोखरा, विराटनगर, धरान, बुटवल, नेपालगञ्ज, धनगढी, महेन्द्रनगर, वीरगञ्ज र चितवनमा सञ्चारिका समूहको फिचरले राम्रो प्रभाव बनाएको फिचर संयोजक निर्मला शर्मा बताउनु हुन्छ ।

एनपीआइको फिचर सबैभन्दा धेरै उत्पादन र वितरण हुने गरेको छ । एनपीआइले समाचार सन्देशको एक अङ्क ५०० प्रति प्रकाशन गर्छ । जसमध्ये दुईवटा क्षेत्रीय सञ्चार केन्द्रबाट २०० प्रति वितरण हुन्छ । रोनास्ट र सञ्चारिका समूहको फिचरको वितरण सङ्ख्या १५०-२०० मात्र छ । त्यो पनि कहिलेकाहीँ घटीबढी हुन्छ । अन्य प्रायः संस्थाहरूको फिचर उत्पादन सङ्ख्या पनि २०० नाघ्दैन । तीमध्ये धेरै खपत त काठमाडौंमा नै हुने गरेको छ । सरसर्ती हिसाब गर्दा उत्पादित फिचरमा सालाखाला ३० प्रतिशत मात्र काठमाडौंबाहिर जाने देखिन्छ ।

लेखमालाको उत्पादन र वितरण काठमाडौं-केन्द्रित भए पनि समग्रमा काठमाडौंभन्दा बाहिरबाट प्रकाशित हुने दैनिक र साप्ताहिक पत्रिकाहरूले नै यस्ता फिचरहरू बढी प्रयोग गरिरहेका छन् । "विषयको ज्ञानका दृष्टिले फिचर उत्पादन काठमाडौंभन्दा बाहिरलाई नै लक्षित गरिएको छ, तर लक्ष्यअनुसार सबै संस्थाका फिचर मोफसलमा आइपुग्दैनन्," *गाउँघर साप्ताहिक*, दाङका प्रकाशक सुशील गौतम भन्नुहुन्छ । रोनास्ट, सञ्चारिका समूहका लेखमाला र मुख्यतः नेपालगञ्जबाट जाने फिचर (एनपीआइको)ले दाङका पत्रिकालाई खुराक उपलब्ध

---

[१९] राससले आफ्नो सेवा बेचिरहेको भए पनि उसले उत्पादन गर्ने फिचरको छुट्टै रकम लिइँदैन ।

गराएको गौतम बताउनुहुन्छ । स्थानीय विषयवस्तुलाई क्षेत्रीय फिचरहरूले समेट्न सकेका र वितरण पक्ष सबल हुनाले नै क्षेत्रीय फिचरहरूले अन्य फिचरभन्दा बढी स्थान पाएको नेपालगञ्ज क्षेत्रीय सञ्चार केन्द्रका कार्यक्रम अधिकृत पीताम्बर कट्टेलको ठहर छ । क्षेत्रीय सञ्चार स्रोत केन्द्र विराटनगरका तोया गौतम पनि कट्टेलको ठहरमा सहमति जनाउनुहुन्छ । "काठमाडौंबाट प्रकाशित हुने फिचरहरू मोफसलमा नियमित पुग्न नसके पनि छपाइ भने प्रशस्तै भएको छ," रोनास्टका भुजू भन्नुहुन्छ ।

काठमाडौंबाट प्रकाशित हुने सबैजसो पत्रिकालाई नियमित रूपमा सबै संस्थाले फिचर पठाउने गरे पनि सबैले प्रयोग गर्दैनन् । यद्यपि, दैनिकदेखि मासिकसम्मका पत्रिकाहरूमा लेखमालाका सामग्रीको प्रयोग नपाइएको होइन । साप्ताहिक पत्रिकाहरू प्रायः दुई-चार जनाले मात्र चलाउने हुँदा सामग्रीको अभाव हुन्छ; अर्कोतर्फ फिचरहरू निःशुल्क पाइने हुँदा त्यस्ता सामग्रीहरूको यी पत्रिकाहरूले बढी नै साभार गरेको बताइन्छ । ठूला प्रकाशन गृहहरूमध्ये *कान्तिपुर*मा यहाँ चर्चा गरिएका फिचर विरलै छापिन्छन् । *कान्तिपुर*का समाचार संयोजक नारायण वाग्ले वर्षभरिमा २-४ वटामात्र छापिने अनुमान लगाउनु हुन्छ । "अरूभन्दा रोनास्ट र एनपीआइका फिचरहरू बढी प्रकाशित हुन्छन्" भन्नुहुन्छ *कान्तिपुर*का फिचर शाखा प्रमुख गोविन्द अधिकारी । *हिमालय टाइम्स*मा भने सबैजसो फिचरहरूले स्थान पाएका छन् ।

कुनै पत्रिकाले साभार गर्ने वा नगर्नेमा विषयवस्तुको महत्ता र फिचरको गुणवत्ताले पनि फरक पार्छ । फिचर सेवाका फिचरहरू फिचर हुन् होइनन् भन्नेमा र तिनको स्तरमा एक त प्रश्न उठ्छ भने अर्कोतर्फ पत्रिकाहरू प्रायः अन्य पत्रिकामा पाइने सामग्री छाप्न रुचाउँदैनन् । सकेसम्म कतै नछापिएको उपयोग गर्न रुचाउँछन् । त्यही भएर कतिपय पत्रिकाले अन्य पत्रिकामा लेख्न नपाउने शर्तमा लेखक, स्तम्भकारहरू अनुबन्ध गरेका हुन्छन् । फिचर सबैलाई उपलब्ध हुनाले त्यो उनीहरूलाई आकर्षक हुँदैन; उनीहरू 'एक्सक्लुसिभ' सामग्री खोजिरहेका हुन्छन् । त्यसबाहेक, ठूला दैनिकहरूले निकै लगानी गरेर पत्रकारहरूलाई काममा लगाइरहेका हुन्छन् र ती पत्रकारहरूलाई उनीहरू कजाउन चाहन्छन् । यी सबै कारणहरूले गर्दा ठूला पत्रिकाहरूमा फिचरले स्थान नपाएको हो ।[२०]

साप्ताहिकहरू प्रायः सानो लगानी र सानो समूहले उत्पादन गरिरहेको स्थितिमा उनीहरूलाई सजिलै र निःशुल्क उपलब्ध हुने फिचरका सामग्री उपयोगी हुन्छन् । काठमाडौंबाहिरबाट निस्कने पत्रिकाहरूको हकमा पनि यो कुरा लागू हुन्छ (हेर्नुहोस् वन्त २०५८ मा परेका लेखहरू) । काठमाडौंका साप्ताहिक र ठूला पत्रिकाका प्रकाशन गृहले पनि खाली ठाउँ भर्न र आफूलाई

[२०] मोहन मैनाली, हस्त गुरुङ र तीर्थ कोइरालासँगको कुराकानीमा आधारित ।

ठीक लागेको फिचर मात्र छाप्ने गरेका छन् ।[२१] दशैं, तिहारताका औपचारिक सामग्रीहरूको अभाव हुँदा लेखमालाका सामग्रीहरूले ठूला पत्रिकामा स्थान पाएको शोभा गौतमको अनुभव छ ।

फिचर मिडियासम्बन्धी विषय भए पनि फिचर उत्पादन गर्ने संस्थाहरू भने पूर्ण रूपमा मिडियासम्बन्धित छैनन् । फिचर उत्पादनका हिसाबले प्रयोग राम्रै भए पनि स्तरका हिसाबले कमसल गुणस्तरका भएको कुरालाई फिचर सेवा सञ्चालन गर्नेहरूले पनि मनन् गरेका छन् । जे जसरी लेखे पनि फिचर हो भन्ने र जस्तालाई पनि ठाउँ दिने परिपाटीलाई नसुधारेसम्म ठूला प्रकाशन गृहले पनि यिनीहरूलाई ठीकसँग प्रयोग गर्दैनन् जसले गर्दा फिचरहरूको प्रयोग ती पत्रिकामा कम हुने गर्दछ ।[२२]

## लगानी, बजार र जनशक्ति

फिचर प्रकाशन गर्ने संस्थाहरूले फिचर सेवाको लागि कति लगानी गरिरहेका छन् भन्ने यकिन तथ्याङ्क छैन । दीर्घकालीन रूपमा फिचर नै उत्पादन गर्ने र त्यसमा नै आफ्नो वैशिष्टच कायम गर्ने सोच प्रायःको नभएकाले बलियो संस्थागत संरचनाका लागि पनि खासै लगानी भएको छैन । प्रतिअङ्क फिचर उत्पादन गर्न लाग्ने रकममा पनि संस्थाहरूमाझ एकरूपता छैन । यस्तो खर्च प्रायः दुई अवस्थामा फरक हुने देखियो– एक, आर्थिक सहयोग उपलब्ध गराउने संस्थाले नै निश्चित रकम खर्च गर्नुपर्ने र नगरेमा फिर्ता जाने अवस्थामा र अर्को, एकमुष्ट रकम सहयोगबापत प्राप्त हुने र त्यसलाई प्रापकले आफूखुसी खर्च गर्न पाउने अवस्थामा । पछिल्लो अवस्थामा खर्च कम लाग्छ भने अगिल्लोमा धेरै । एउटा फिचर तयार गर्न लाग्ने रकममा सो फिचरले समेट्न खोजेको विषयवस्तुले निकै फरक पार्छ । फिचरको मूल्य त्यसको स्तरीयतासँग पनि दाँजिन्छ ।[२३] समग्रमा भन्नुपर्दा एक अङ्कको लागत १० हजारदेखि ३०-४० हजारसम्म पनि लाग्न सक्छ । तालिका २ मा प्रतिअङ्क फिचर उत्पादन गर्दा लाग्ने खर्चको विवरण दिइएको छ ।

प्रतिअङ्क उत्पादनको लागत लेखकहरूलाई दिइने पारिश्रमिकसँग सीधा सम्बन्धित छ । लेखकहरूलाई दिइने पारिश्रमिक संस्थापिच्छे फरक छ । सामान्यतः एउटा फिचरका लागि उत्पादक संस्थाले लेखकलाई एक हजारदेखि तीन हजार रुपियाँसम्म दिने गरेको पाइयो । नेफेजले आफ्ना तीन लेखमालामा छापिएका प्रत्येक फिचरलाई दुई हजार रुपियाँ दिने गरेको थियो भने नोभेम्बर २००२ सम्म सञ्चारिका समूहले पनि दुई हजार नै दिने गरेको थियो ।

[२१] शोभा गौतम, मोहन मैनाली र दिनेश भुजूसँगको कुराकानीमा आधारित ।

[२२] विनय कसजू र दिनेश सत्यालसँगको कुराकानीमा आधारित ।

[२३] निर्मला शर्मा, हरि थापा, मोहन मैनाली र कृष्ण श्रेष्ठसँगको कुराकानीमा आधारित ।

रोनास्टले नयाँ रचनालाई प्रतिलाइन ६ रुपियाँ र अनूदित भएमा प्रतिलाइन ४ रुपियाँ ५० पैसा दिन्छ । राससले प्रतिफिचर ३०० रुपियाँ, एनपीआइले प्रतिशब्द १ रुपियाँ दिने गरेको छ । जागरण लेखमालामा लेख र लेखकको स्तरअनुसार दिइन्छ । त्यस्तै सामाजिक विकास अनुसन्धान केन्द्रले अनुवादमात्र प्रयोग गर्ने हुनाले एउटा लेख अनुवाद गरेको १ हजार २ सय रुपियाँ दिन्थ्यो । नारी चेतना र किरण लेखमालाका लेखकहरूलाई पारिश्रमिक दिइने गरेको छैन । सम्बन्धित संस्थाका व्यक्तिहरूका रचना नै प्रायः उपयोग गरिने र तिनलाई लेखेबापत छुट्टै पारिश्रमिक दिइँदैन ।

**तालिका** २. फिचरको लगानी र वितरण

| क.सं. | फिचर | सर्कुलेसन | प्रतिअङ्क उत्पादन लागत* | सहयोगी संस्था |
|---|---|---|---|---|
| १ | विज्ञान लेखमाला | ३०० | १० हजार | श्री ५ को सरकार |
| २ | समाचार सन्देश | ५०० | २० हजार | आइपीएस |
| ३ | फिचर सेवा (नेपालगञ्ज) | २०० | ३० हजार | डानिडा |
| ४ | फिचर सेवा (विराटनगर) | २०० | ३० हजार | डानिडा |
| ५ | सञ्चारिका लेखमाला | ३०० | २० हजार | युएनएफपीए, एसडीसी |
| ६ | चौतारी लेखनमाला | १०० | ८ हजार | एक्सन एड नेपाल |
| ७ | जैविक विविधता लेखमाला | २०० | ३० हजार | डब्लुडब्लुएफ |
| ८ | पर्यटन लेखमाला | २०० | ३० हजार | नेपाल पर्यटन बोर्ड |
| ९ | सरसफाइ लेखमाला | २०० | ३० हजार | युनिसेफ |
| १० | किरण लेखमाला | २०० | १० हजार | डब्लुएचओ |
| ११ | शिक्षा लेख सँगालो | २०० | ३० हजार | एक्सन एड नेपाल |
| १२ | नारी चेतना लेखमाला | १०० | १० हजार | युएनएफपीए |
| १३ | रासस फिचर | २०० | ५ हजार | श्री ५ को सरकार |
| १४ | जागरण लेखमाला | २०० | २० हजार | युएनडीपी |
| १५ | पोषण लेखमाला | १०० | ५ हजार | आफ्नै स्रोत |

*स्रोतः सम्बन्धित संस्थाका व्यक्तिसँगको कुराकानी ।*
**उत्पादन, प्रकाशन र वितरणमा हुने सबै खर्चलाई जोडेर राखिएको छ ।*

प्रतिअङ्कमा छापिने लेख/फिचर र प्रतिलेखलाई दिइने रकमबाट ठूलो खर्चको हिसाब निस्कन्छ । त्यसबाहेक छपाइ वा फोटोकपी (एनपीआइ र रोनास्टका बाहेक अन्य लेखमाला फोटोकपी गरिन्छन्), वितरण वा हुलाक खर्च जोडेमा खर्चको सामान्य हिसाब निस्कन्छ । फिचर उत्पादनमा मियोको काम गर्ने व्यक्ति, जसले सामग्री चयन गर्ने वा लेखाउने, सम्पादन गर्ने, फलोअप गर्ने जस्ता कार्य गर्छ उसको समयको खर्च प्रायः जोडिएको पाइँदैन । त्यस्तै, कतिपय संस्थाले आफ्नै कार्यालयको कम्प्युटर, फोटोकपी र कर्मचारीको श्रम उपयोग गरिरहेका छन् । संस्थाभित्रका ती व्यक्ति वा समयको मूल्याङ्कन गर्ने हो भने फिचर उत्पादनको लागतको दायरा बढ्छ । व्यवसायिक रूपमा फिचर उत्पादन नगरिँदासम्म यी खर्चको राम्ररी हिसाब गरिँदैन ।

रासससबाहेक कुनै पनि संस्थाले बाहिरी सहयोगबिना फिचर उत्पादन कार्यमा लागेको पाइँदैन, चाहे त्यो प्रत्यक्ष सहयोग होस् वा अप्रत्यक्ष । उत्पादित फिचरको बिक्री गर्ने प्रचलन नभएको अवस्थामा कि त कोही दानवीरले 'च्यारिटी'को काम गर्नु पर्‍यो, कि अन्य कार्यबाट आर्जित मुनाफा लगाउनु पर्‍यो । अन्यथा बाहिरी सहयोग खोज्नुको अर्को विकल्प देखिँदैन । बाहिरी सहयोग सधैँभर उपलब्ध नहुने र सहयोग उपलब्ध नहुनेबित्तिकै फिचर अनियमित हुने वा बन्द हुने यथेष्ट पाइन्छ । कतिपय संस्थाले सीधै फिचर उत्पादनका लागि भनेर (जस्तो जागरण लेखमाला) सहयोग पाएका छन् भने कतिपयले अन्य कार्यका लागि प्राप्त सहयोगमध्ये केही रकम फिचरमा लगानी गरेका छन् (जस्तो नारी चेतना लेखमाला) । तालिका १ मा कैफियतमा हाल बन्द लेखिएका लेखमाला प्रायः आर्थिक अभावमा नै बन्द भएका हुन् ।

एकातिर संस्थागत रूपमा फिचरमा लगानी भएको छैन भने अर्कोतिर उत्पादन भएका फिचरहरूलाई किनेर प्रकाशन गर्ने परिपाटी बनिसकेको छैन । फिचर किनेर प्रकाशन गर्ने चाहना भए पनि त्यसका लागि योग्य र स्तरीय फिचर पाउन सकिएको छैन भन्नुहुन्छ *कान्तिपुर*को फिचर शाखा प्रमुख गोविन्द अधिकारी । एक समय *कान्तिपुर*सँग सम्बन्धित दिनेश सत्याल "व्यवसायिक फिचर उत्पादनलाई प्रोत्साहन गर्न फिचर किनेर छाप्ने" भने पनि "स्तरीय फिचर तयार गरेर बेच्छु भन्ने व्यक्ति/संस्था नपाएको" बताउनुहुन्छ । अधिकारी "नेपालमा फिचरको उत्पादन वा लेखन गरेर मात्र बाँच्न सक्ने अवस्था नभएको र फिचर लेखकहरूले पनि मेहनत नगरेकाले स्तरीय फिचरका अभावमा *जेमिनी* वा *वाल स्ट्रीट* जस्ता महङ्गा विदेशी फिचर किन्नु परेको छ" भन्नुहुन्छ । नारायण वाग्ले पनि स्तरीय फिचर भएमा *कान्तिपुर* किन्न तयार छ भन्नुहुन्छ ।

स्तरीय सापेक्षिक शब्द हो । तर पनि न्यूनतम यति कुरा वा यस्तो हुनुपर्ने भन्ने मान्यता बनाएर चल्न नसकिने होइन । *कान्तिपुर*ले पनि कस्तो फिचरलाई स्तरीय र योग्य मान्ने भन्ने स्पष्ट खाका बनाएको छैन । ठूला प्रकाशन गृहले चाहेमा फिचरको स्तरीयता कायम गर्न सक्ने ठाउँ छ । स्तरीय भएमा खरिद गर्छौं भने तापनि ठूला प्रकाशन गृहले त्यस्तो नगरेको कुरा खोज पत्रकारिता केन्द्रका मोहन मैनाली बताउनु हुन्छ । "विदेशमा उत्पादन भएकालाई पैसा तिर्ने तर नेपालबाटै उत्पादितलाई कम स्तरीय भनेर उम्कने बाटोमात्र बन्नुहुन्न," मैनाली थप्नुहुन्छ । फिचर उत्पादक र प्रयोगकर्ताहरूबीच विवाद भन्दा संवाद अगाडि बढाउन सकेमा फिचरको गुणस्तर अभिवृद्धि हुने, व्यवसायिक बन्दै जाने अवस्था आउँछ । फलस्वरूप फिचर सेवा प्रभावकारी बन्नुका साथै यसले निरन्तरता पाउने आशा गर्न सकिन्छ ।

फिचर सेवामा संलग्न संस्था तथा व्यक्तिहरूलाई हेर्ने हो भने बहुधा पत्रकारिता क्षेत्रसँग सम्बन्धित छन् । मिडिया क्षेत्रका व्यक्तिहरूले नै फिचरलाई

धानिरहेका छन् । फिचर लेखन वा सञ्चालनमा पनि सञ्चारकर्मीहरूकै बाहुल्य छ । गैरसञ्चारकर्मी वा विज्ञहरूले पनि फिचर लेखन गरिरहेको लेखमाला-हरूको अध्ययन गर्दा देखिन्छ । मासिक वा त्यसभन्दा बढी अवधिको फरकमा चल्ने फिचर सेवा सञ्चालन गर्न थोरै जनशक्तिको आवश्यक हुनाले प्रायः कुनै व्यक्तिको आंशिक कार्यको रूपमा यो सेवा सञ्चालित छ । चाहे ती फिचर लेखकहरू हुन् वा फिचर सेवा सञ्चालक हुन् दक्षता हासिल गरेकाहरूको कमी छ । एनपीआइले तीन महिने र मिडिया प्वाइन्टले १-२ महिनाको फिचर-लेखन तालिम सञ्चालन गरिरहेका छन् । वर्षको एक वा दुई पटक यस किसिमका तालिम आयोजना हुने गरेको छ ।

जनशक्ति दक्ष नहुनुमा तालिम र प्रशिक्षणको अपर्याप्तता त छ नै, त्यस-माथि तालिम दिने प्रशिक्षकहरू पनि कम छन् र ज्यादै व्यस्त भएका कारण समय दिन सक्दैनन् । प्रशिक्षार्थीहरू पनि एक पटक लिएको सामान्य तालिमपछि पूर्ण भइयो, अब केही लिनु बाँकी छैन जस्तो ठान्छन् । "नयाँ पिँढीकाहरू फिचर उत्पादन गर्नेतर्फ लागेका त छन् तर मेहनत गर्दैनन् । अध्ययन गर्ने बानी छैन । सामान्य ह्रस्व-दीर्घसमेत हेर्न नजान्नेहरू यस क्षेत्रमा आएका छन्" भन्नुहुन्छ पत्रकार विनय कसजू ।

## फिचरको व्यवस्थापन

लेखमाला निकाल्नका लागि मात्र निकाल्ने हो भने त केही छैन, अन्यथा फिचर सेवालाई गम्भीर रूपमा अगाडि बढाउने हो भने व्यवस्थापकीय पक्षमा निकै ध्यान पुऱ्याउनु जरुरी छ । फिचरलाई प्रभावकारी बनाउन त्यसमा कार्यरत मानवीय शक्तिको महत्वपूर्ण भूमिका हुन्छ । लगानीको स्रोत, लक्षित विषय र समूह चयन गरिसकेपछि फिचर कसरी चलाउने र कसरी धेरैभन्दा धेरै पाठकसमक्ष पुऱ्याउने भनेर ठूलै गृहकार्य गर्नु आवश्यक हुन्छ । व्यवस्थापन सामूहिक कार्य हो । हाल सञ्चालनमा रहेका फिचर सेवाहरूको व्यवस्थापकीय क्षमता कमजोर देखिन्छ ।

कतिपय संस्थाका फिचरहरू समयमा ननिस्कने, समय सुहाउँदा नभएका, लेखन शैली खरो, राम्ररी सम्पादन नभएको अथवा वाक्य संरचना लामा, त्रुटिपूर्ण, मेहनत नपरेको र तथ्यहरू बाझिएका छन् ।[२४] उत्पादित सामग्रीहरूको 'लेआउट' मिलाउने, इमेल-इन्टरनेटको सुविधा प्रयोग गरी सरल तरिकाले प्रकाशनगृह समक्ष पुऱ्याउने प्रयास पनि भएका छैनन् ।[२५] अधिकतम् सामग्री-हरूमा फोटो, कार्टुन वा तालिकाको प्रयोग कमै मात्र भएको छ । आइपीएस, नेफेज र विज्ञान लेखमालामा मात्र फोटो र कार्टुनको प्रयोग भएको देखियो ।

[२४] गोविन्द अधिकारी र दिनेश सत्यालसँगको कुराकानीमा आधारित ।

[२५] कुन्द दीक्षित र हस्त गुरुङसँगको कुराकानीमा आधारित ।

त्यस्तै, वितरण गरिने सामग्री हुलाकको व्यवस्थापन ज्यादै कमजोर भएका कारण पुग्न सकेका छैनन् । फिचर सेवा सञ्चालन गर्नेहरूले यी कमजोरीहरू-तर्फ ध्यान पुऱ्याउन सकेको देखिँदैन ।

जनशक्तिको कुरा गर्दा प्रायः संस्थामा एक र केहीमा दुई जनाले मात्र फिचर सेवा सञ्चालन गरिरहेका छन् । निर्मला शर्माले सञ्चारिका समूहको फिचर सेवा हेरिरहनु भएको छ भने नारी चेतना लेखमाला सोनी थापाले । किरण लेखमाला सङ्गीता सिंहले हेर्नु भएको थियो । उहाँहरूको अनुपस्थितिमा ती फिचर अगाडि नबढ्न पनि सक्छन् । रोनास्टको हालत पनि त्यस्तै छ; दिनेश भुजूको असंलग्नतामा त्यो घिस्रन्छ मात्रै, हिंड्दैन । अन्यको पनि हालत उस्तै हो; एकल व्यवस्थापनबाट चलिरहेका छन् । संस्थागत भए पनि प्रक्रिया संस्थागत देखिँदैन । संस्थागत संरचना उकास्ने प्रयत्न भएको छैन । कतिपय संस्थासँग पुराना अङ्कहरूको रेकर्डसमेत भेटिँदैन । एक पटक प्रकाशित भएपछि काम पूरा भयो फेरि-फेरि चाहिँदैन जस्तो गरिएको छ ।[२६]

## पाठक र प्रकाशन गृहसँगको सम्बन्ध

फिचर सेवा प्रदायकहरूको लक्ष्य आफ्ना कुराहरू पाठक (वा लक्षित समुदाय) समक्ष पुऱ्याउनु या कुनै विषयमाथि बहसको शुरुआत गर्नु हो । यसका लागि उनीहरूले सञ्चारका माध्यम र त्यसमा पनि छापा माध्यमलाई उपयोग गरेका छन् । संस्थाहरूले आ-आफ्नो कार्यक्षेत्र र उद्देश्यअनुसार सामग्री तयार गरेर पाठक समक्ष पुऱ्याउँदै आएका छन् । रोनास्टले विद्यार्थी वर्गलाई आफ्नो पाठक मानेको छ भने नेफेजले आफ्नो कार्य क्षेत्रसँग चासो राख्ने सबैलाई पाठक ठानेको छ । सञ्चारिका समूह, ओरेक र नारी चेतना केन्द्रले नीति निर्माणकर्ता, महिला विषयमा कार्यरतहरू र अन्यलाई लक्षित गर्दै आएका छन् । तर उनीहरूले लक्षित गरेका समूहले ती सामग्री पढ्छन् पढ्दैनन्, अथवा लक्षित समूहसँग पुगेको नपुगेको अध्ययन भएको छैन । यद्यपि, पत्रिकाहरूमा प्रकाशित फिचरहरू-बारे हुलाक, फ्याक्स, टेलिफोनबाट प्रतिक्रिया आउने गरेको बताइन्छ ।

सन् १९९६ मा रोनास्टले विज्ञान लेखमालाका सामग्रीको पत्रिकाहरूमा भएको प्रयोगबारे एउटा सर्वेक्षण गरेको थियो । भर्खरै निजी क्षेत्रले दैनिक पत्रिका शुरु गरेको र साप्ताहिकहरू यथेष्ट चलिरहेको सो समयमा दैनिक पत्रिकाहरू १० प्रतिशतले र साप्ताहिक पत्रिकाहरू ४६ प्रतिशतले विज्ञान लेखमालाका सामग्री प्रयोग गरेको पाइएको थियो (रोनास्ट सन् १९९६) । अहिले पनि यो अनुपातमा खासै भिन्नता आएको छ भन्ने आधार छैन । सञ्चारिकाले लेखमाला-मार्फत महिलाका विषयवस्तुहरू बाहिर ल्याउन थालेपछि अन्य दैनिकहरूले पनि

---

[२६] अध्ययन क्रममा फिचर उत्पादन गर्दै आएका कतिपय संस्थाहरूसँग पुराना अङ्कहरू खोजी गर्दा उपलब्ध भएनन् ।

ती क्षेत्रका सामग्रीहरूलाई गतिलै स्थान दिने गरेको शोभा गौतमको अनुभव छ । “१९९७ सालतिरको जस्तो स्थिति छैन अहिले; केही अवसरमा बाहेक मिडियामा महिला लेखकलाई स्थान दिइएको तथा महिलाका विषयवस्तुप्रति सम्वेदनशीलता प्रदर्शन गरिएको छ” भन्नुहुन्छ गौतम । नेपाली छापामा फिचरको प्रयोगबाट छापा पत्रकारिताको स्तरमा सुधार आएको नियमित पत्रपत्रिका हेर्ने श्यामप्रसाद केसीको ठहर छ । त्यस्तै, फिचर सेवाको निरन्तरताबाट पाठकहरूले नयाँ स्वाद पाएका हुन् भन्ने तर्क अर्का पाठक सुदीप रेग्मीको छ ।

काठमाडौंका ठूला प्रकाशन गृहहरू र लेखमाला प्रकाशन गृहहरूको राम्रो सम्बन्ध भएको देखिँदैन । लेखमाला प्रकाशकहरूको यी प्रकाशन गृहहरूप्रति गुनासो रहिआएको देखिन्छ । तर काठमाडौंबाहिरका प्रकाशन गृहहरूसँग भने सम्बन्ध मधुर नै रहेको छ । काठमाडौँबाहिरका सबैजसो पत्रिकाहरूलाई फिचर सेवाले गतिलै सहयोग गरिरहेका छन् । नेपालगञ्जको *नेपालगञ्ज एक्सप्रेस दैनिक, उज्यालो साप्ताहिक, जनमत अर्ध साप्ताहिक, नशेमन साप्ताहिक;* धनगढीको *हाम्रो परामर्श साप्ताहिक, सेती समाचार दैनिक, श्री नेपाल टाइम्स दैनिक;* महेन्द्रनगरको *फारवेष्ट दैनिक, अभियान दैनिक, नयाँमुलुक दैनिक, रहस्यदर्शी साप्ताहिक, श्री सार्थक साप्ताहिक, महाकाली साप्ताहिक;* दाङको *नयाँ युगवोध दैनिक, गाउँघर साप्ताहिक;* बुटवलको *लुम्बिनी दैनिक, जनसङ्घर्ष दैनिक;* भरतपुरको *त्रिशुली प्रवाह;* पोखराका *आदर्श समाज दैनिक, हटलाइन दैनिक, राष्ट्रआवाज साप्ताहिक,* बाग्लुङको *धौलाश्री साप्ताहिक,* धरानको *विजयपुर साप्ताहिक;* विराटनगरको *विराटनगर टुडे दैनिक, दर्पण साप्ताहिक;* र धरानको *ब्लाष्ट टाइम्स*का २०५८ सालका केही अङ्कहरू केलाउँदा सबैजसो पत्रिकाहरूले विभिन्न लेखमालाका सामग्री प्रयोग गरिरहेको पाइयो । ठूला दैनिकबाहेक काठमाडौंका साप्ताहिकहरूले पनि फिचरहरूको राम्रै उपयोग गरेको पाइयो ।

फिचर सेवामार्फत उत्पादन भएका सामग्रीहरूले पत्रपत्रिकाहरूलाई खुराक पस्किरहेको भए पनि कतिपय अवस्थामा पत्रिकाहरूले बदमाशी पनि गर्ने गरेको देखिन्छ । लेखमालाका सामग्रीहरू प्रकाशन त गर्ने तर साभार नगर्ने, फिचर लेखकको नामै नदिने र अभ्र केहीले त लेख नै अर्काको नाउँमा छाप्ने गरेको बताइन्छ । यस्तो गलत कार्यबारे सम्बन्धित पत्रिकासँग सम्पर्क गर्दा टाइपिस्ट-हरूमाथि दोष थुपारेर उम्कने गरिएको तोया गौतम र निर्मला शर्माको अनुभव छ ।

## निष्कर्ष

सरकारआश्रित संस्था रोनास्टले सन् १९८० को दशकदेखि शुरु गरेको लेख-माला वा फिचर सेवाको प्रचलन डेढ दशकभन्दा पुरानो भैसकेको छ । यस अवधिमा अर्को सरकारी संस्था राससले पनि फिचर सेवा शुरु गरे तापनि गैरसरकारी संस्थाहरूको सक्रियताले सरकारी सक्रियतालाई उछिनेको छ ।

रोनास्टले लेखमाला निकाल्न शुरु गरेको लगत्तै एनपीआइले फिचर सेवा शुरु गरेको थियो, पञ्चायत कालमै । प्रजातन्त्र पुनस्थापनापछि अन्य थुप्रै संस्थाहरू यस कार्यमा संलग्न छन् । नयाँ विषय भएका कारण विभिन्न कोणबाट अभ्यास भैरहेको छ ।

फिचर सेवाले ब्रोडशिटलाईभन्दा अन्य खाले पत्रिकाहरूलाई मनग्ये खुराक प्रदान गरेको छ । फिचरका अभावमा उपत्यकाबाहिरका पत्रिकाहरू चल्न सक्ने अवस्थामा देखिँदैनन् । जे जसरी भएपनि लेखमालाका सामग्रीले नेपाली छापामा रहेको विविधखाले विषयवस्तुको अभावलाई केही हदसम्म पूर्ति गरेको छ । त्यसैले प्रकाशन गृहहरूले फिचरलाई पत्रिकामा ठाउँ दिने गरेका छन् ।

लेखमाला सञ्चालन गर्ने होड देखिए पनि लेखमालाका फिचरहरूको स्तरमा स्पष्ट विविधता देखिन्छ । फिचरहरू राम्ररी सम्पादन नगरिएका, विषयवस्तु-प्रति न्याय गर्न नसकेका पनि देखिन्छन् । फिचरलाई आकर्षक बनाउन रेखाचित्र, तस्वीर, कार्टुन वा तालिकाहरूको प्रयोग निकै कम देखिन्छ । फिचर सेवाहरूको व्यवस्थापन पक्ष राम्रो छैन । सेवालाई स्तरीय र प्रभावकारी बनाउन अझ बढी मेहनत आवश्यक छ ।

फिचर सेवाले निरन्तरता नपाउनु वा विस्तार हुन नसक्नुमा विविध कठिनाई देखिएका छन् । पहिलो कुरा त फिचर कसका लागि किन निकाल्ने भन्नेमा नै स्वयं प्रष्ट छैनन्, कतिपय फिचर उत्पादकहरू । उनीहरू फिचरको स्वरूप, आकारका बारे वा फिचरलाई कसरी प्रभावकारी बनाउने भन्ने सोच लिएर कार्यरत छैनन् । त्यसबाहेक, अर्थको समस्या पनि छ । सेवा बन्द भएकाहरू पनि प्रायः आर्थिक अभावका कारण नै बन्द भएका हुन् भने बाहिरी सहयोग नहुने हो भने अरू पनि बन्द हुन्छन् ।

विविध कठिनाईबाट गुज्रिरहेको फिचर सेवालाई प्रभावकारी बनाउन एउटा भरपर्दो स्रोतको खोजी गर्नु जरुरी छ । त्यसबाहेक, आफ्ना प्रस्तुतिहरूलाई तथ्य-परक र स्तरीय बनाउन मेहनत गर्नै पर्छ । फिचरको लेखन, विषय छनौट, सम्पादन, प्रकाशन र वितरणलाई समय सुहाउँदो प्रविधिसँग तालमेल गराउन सकेमा फिचर सेवा अरू प्रभावकारी हुनसक्ने देखिन्छ । फिचरलाई निःशुल्क रूपमा वितरण गर्नुको सट्टा केही शुल्क लिई फिचर सेवा सञ्चालन गरेमा सञ्चालन गर्नेहरू दिगो रूपमा टिक्न सक्छन् । वैकल्पिक स्रोत नभएसम्म फिचर सेवा उदाउने र अस्ताउने क्रम जारी नै रहनेछ । यो क्रमलाई सुधार्नको लागि आर्थिक र व्यवस्थापकीय पक्षलाई चुस्त बनाउनै पर्छ ।

**धन्यवाद**

यसअघि *स्टडिज इन नेपाली हिस्ट्री एण्ड सोसायटी*मा प्रकाशित यो लेखमा सामान्य परिमार्जन गरिएको छ । मार्टिन चौतारीको सहयोगमा गरिएको अनु-सन्धानका क्रममा समय, सामग्री र जानकारी उपलब्ध गराउने सबैप्रति म

अनुगृहित छु । शुरुका मस्यौदाहरू पढेर परिमार्जनका लागि सुझाव दिने प्रत्यूष वन्त, रमेश पराजुली, शेखर पराजुली, भास्कर गौतम, कोमल भट्ट र देवराज हुमागाईंलाई धन्यवाद । मार्टिन चौतारीमा भएको 'नेपालमा फिचर सेवाको अभ्यास' विषयक छलफलले पनि यस अध्ययनलाई सजिलो बनाएको थियो । सो कार्यक्रमका सबै सहभागीहरूलाई पनि धन्यवाद ।

## अध्ययन क्रममा सम्पर्क गरिएका व्यक्तिहरू

| | |
|---|---|
| कुन्द दीक्षित | हिमाल मिडिया |
| केशवराज पराजुली | *जनमत*, पोखरा |
| गोपाल थपलिया | *छलफल* |
| गोविन्द अधिकारी | *कान्तिपुर* |
| डा. दिनेश भुजू | नेपाल राजकीय विज्ञान तथा प्रविधि प्रतिष्ठान |
| दिनेश सत्याल | पत्रकार |
| ध्रुवहरि अधिकारी | नेपाल प्रेस इन्स्टिच्यूट |
| नारायण वाग्ले | *कान्तिपुर* |
| निर्मला शर्मा | सञ्चारिका समूह |
| पीताम्बर कट्टेल | नेपालगञ्ज |
| प्रतिभा सुवेदी | नारी चेतना केन्द्र |
| प्रमोद प्रधान | राष्ट्रिय समाचार समिति, विराटनगर |
| प्रह्लाद रिजाल | *पुनर्जागरण* |
| बद्री पौड्याल | नेपाल वातावरण पत्रकार समूह |
| भारतदत्त कोइराला | मिडिया सर्भिसेज इन्टरनेशनल |
| मोहन मैनाली | खोज पत्रकारिता केन्द्र |
| डा. रेणु राजभण्डारी | महिला पुनर्स्थापना केन्द्र |
| विनय कसजू | मिडिया सर्भिसेज इन्टरनेशनल |
| शोभा गौतम | मानवअधिकार सञ्चार प्रतिष्ठान |
| श्रीरामसिंह बस्नेत | राष्ट्रिय समाचार समिति, काठमाडौं |
| श्यामप्रसाद केसी | पाठक |
| सङ्गीता सिंह | महिला पुनर्स्थापना केन्द्र |
| सुदीप रेग्मी | पाठक |
| सुशील गौतम | *गाउँघर*, दाङ |
| सोनी थापा ओली | नारी चेतना केन्द्र |
| स्वागत नेपाल | *नेपाल समाचारपत्र* |
| हस्त गुरुङ | नेपाल प्रेस इन्स्टिच्यूट |

## सन्दर्भ सामग्री

एलन, रामकुमार. २०५७. चेलीबेटी फर्काउनभन्दा पुनर्स्थापन गर्न कठिन. *किरण लेखमाला* ४(३).

कापडी भ्रमर, रामभरोस. २०५६. महिला साक्षरताले जीविकामात्र होइन सम्मान पनि प्रदान गर्छ. *महिला लेखमाला,* अङ्क ८.

काफ्ले, दिलिप. २०५७. सामुदायिक वनको भविष्य सङ्कटमा. *जैविक विविधता लेखमाला,* पूर्णाङ्क १८.

काफ्ले, प्रदीप. २०५८. दूधमा जिवाणु सङ्क्रमण र रोकथामका उपायहरू. *विज्ञान लेखमाला,* पूर्णाङ्क २५८.

गौतम, पदम. २०५८. उच्च मावि शिक्षाः कस्को आवश्यकता? *शिक्षा लेख सँगालो* १(२).

घिमिरे, सुदर्शन. २०५८. तीस वर्षपछि खुलेको आँखा. *शिक्षा लेख सँगालो* १(२).

ढकाल, दीपक. २०५९. चिया व्यापारमा संलग्न बाल श्रमिक. *नारी चेतना लेखमाला,* अङ्क ३.

पन्त, सरोज. सन् २००२. परिवर्तनकारी पत्रकारिताः महिलाको पक्षमा कसरी लेख्ने? *पत्रकारितामा महिला प्रश्न.* अञ्जु क्षेत्री, मञ्जु थापा र सरोज पन्त, ले. पृ. १२१-१४७. काठमाडौंः नेपाल प्रेस इन्स्टिच्यूट.

पौडचाल, बद्री. २०५७. के तातोपानीले पर्यटक लोभ्याउला. *पर्यटन लेखमाला,* चैत.

बस्नेत, सूर्यचन्द्र. २०५९. फिचर समाचार लेखन. *पत्रकारिता* (नेपाल पत्रकार महासङ्घ काठमाडौं शाखाको मासिक प्रकाशन) १(१): १३-१४.

बस्याल, गोपालप्रसाद. २०५८. फिचर लेखन. *प्रवाह.* गोविन्द भट्टराई, सं., पृ. ३६. पाल्पाः नेपाल पत्रकार महासङ्घ, पाल्पा शाखा.

महिला पुनर्स्थापना केन्द्र. मिति उल्लेख नभएको. *इन्द्रेणी.* काठमाडौंः महिला पुनर्स्थापना केन्द्र.

वर्मा, लोकनाथ. २०५६. पुर्ख्यौली पेशा छाड्न बाध्य धनकट्टा जाति. *फिचर सेवा,* कात्तिक.

वन्त, प्रत्यूष, सं. २०५८. *क्षेत्रीय मिडियाः विगत र वर्तमान.* काठमाडौंः मार्टिन चौतारी र सामाजिक विकास तथा अनुसन्धान केन्द्र.

वन्त, प्रत्यूष र शेखर पराजुली, सं. सन् २००१. *नेपाली मिडियामा दलित तथा जनजाति.* काठमाडौंः एकता बुक्स.

वन्त, प्रत्यूष, शोभा गौतम र अमृता बाँस्कोटा, सं. २०५६. *छापामा महिलाः सन्दर्भ सामग्री.* काठमाडौंः नेपाल प्रेस इन्स्टिच्यूट.

श्रेष्ठ, कृष्ण, सं. मिति उल्लेख नभएको. *जैविक विविधता.* काठमाडौंः नेपाल वातावरण पत्रकार समूह.

समाचार सन्देश. २०५८. ताइवानको आर्थिक मन्दी एसियाली आप्रवासी कामदारको शोषण. मङ्सिर-पुस.

सापकोटा, रेवती. २०५७. चर्पी बनाउनुको साटो सुँगुर पाल्ने चलन. *सरसरफाइ लेखमाला,* अङ्क ३.

Byerly, Carolyn M. 1997. News, Consciousness, and Social Participation: The Role of Women's Feature Service in World News. In *Media in Global Context: A Reader.* Annabelle Sreberny Mohammadi et al., eds., pp. 248-258. London: Arnold.

RONAST. 1996. Science Popularization Project Report. Unpublished.

Sancharika Samuha. 2002. *Mother Sister Daughter: Nepal's Press on Women*. Kathmandu: Sancharika Samuha.

Women's Feature Service. 1992. *The Power to Change: Women in the Third World Redefine their Environment.* New Delhi: Kali for Women.